"सामाजिक परीक्षण पारदर्शिता र जवाफदेहितालाई प्रवर्द्धन गर्दै सुशासनलाई सुदृढ गर्ने एक पद्धति हो"- चार्ल्स मेडवेभर

"हामी आफै बनाउँ हाम्रो खजुरा, आत्मनिर्भर र समृद्ध खजुरा"

खजुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

खजुरा,बाँके

(लुम्बिनी प्रदेश, नेपाल)

सामाजिक परीक्षण प्रतिवेदन

(आ.व. २०८०/०८१)

प्राविधिक सहजीकरण :

उत्पीडित सामुदायिक विकास केन्द्र
Oppressed Community Development Center
(OCDC-Banke)
फोन नं. :- ०८१-५४०२७७, ९८५८०२३६०४
ई-मेल :- ocdcmidwest@gnail.com

खजुरा गाउँपालिका
Khajura Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
खजुरा,बाँके
Khajura, Banke

लुम्बिनी प्रदेश सरकार,नेपाल
Lumbini Province Government, Nepal

प.सं. (Ref.No) : २०८१/०८२ मिति : २०८२/०३/३२
च.नं. (Ref.No) :

कृतज्ञता

खजुरा गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जाफावदेही बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रकृया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रकृयामा सुधार गर्न, सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उद्दश्ये प्राप्तीको सुनिश्चिता गर्न र जनप्रतिनिधी तथा कर्मचारीलाई थप जिम्मेवार र जवाफदेही बनाई सार्वजनिक जवाफदेहिता अभिवृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (७८) को उपदफा (५) बमोजिम सामाजिक परिक्षणको कार्य सम्पन्न गरिएको छ । सो अनुसार खजुरा गाउँपालिकाले गत आर्थिक वर्ष २०८०/०८१ मा तर्जुमा गरेको नीति योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले गाउँपालिकाबासीको सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदान तथा उपलब्धीको लेखाजोखा तथा विश्लेषण गर्ने र आगामी दिनमा सामाजिक क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई अझ सहभागितामूलक, पारदर्शी, नजितामूलक तथा प्रभावकारी बनाउन सहयोग पुऱ्याउने उद्देश्य अनुरुप सामाजिक परीक्षण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको र यसको निचोड प्रतिवेदनको रुपमा प्रस्तुत तथा सार्वजनिक गरिएको छ । सामाजिक परीक्षण उपलब्ध कार्यविधि, फाराम तथा अध्ययन तथा सर्वेक्षण विधि र प्रक्रिया पनि अभ्यासमा आई परीक्षण समेत भई नसकेको र गाउँपालिकाको आधार तथ्याङ्कको कमीका कारण सामाजिक परीक्षणमा तथ्यांकको तुलनात्मक विश्लेषण लगायत केही कमीकमजोरी रहेका छन् ।

यद्यपी समष्टीगत रुपमा स्थानिय सरकार सञ्चालनको पहिलो पाँच बर्षिय अवधिमा संघीयताको महत्वपूर्ण आधारको रुपमा रहेको स्थानिय सरकार र स्थानिय सरकार सन्चालनका आधारभूत आधारशिला तयार भएको छ । गाउँपालिकाले आफ्नै गुरुयोजना तयार गरी विकास र सुशासनको निमित्त स्थानिय सरकार सञ्चालन सम्बन्धी कानुनको निर्माण भई संस्थागत र संरचनागत विकास गरी दिर्घकालिन योजनाको आधार तयार गरी सञ्चालनमा ल्याईसकेको अवस्था छ । संगठन, जनशक्ति र कानुन जस्ता आधारभुत पक्षमा भएका कार्यहरुले नीति कार्यक्रम र बजेट कार्यान्वयनमा अघि बढेको देखिन्छ । यस पालिका भित्र गरिएको छलफलको आधारमा समय र श्रोत साधनका कमीका कारण कतिपय साझेदार नागरिक समाजका संस्थाहरुको विवरण र उपलब्धीलाई परीक्षणको क्रममा अध्ययन, सर्वेक्षण तथा विश्लेषण गर्न नसकिएको भएता पनि यस खजुरा गाउँपालिकाले गत आर्थिक वर्षमा चालु तर्फ ६४.७२, पुजिगत तर्फ ३६.०२ र समग्रमा ५२.०७ प्रतिशत उपलब्धी हासिल गर्न सफल भएको उपलब्ध तथ्याङ्क, अध्ययन, सर्वेक्षण र अभिमत संकलन विवरणबाट देखिएका छ । तथापी जनस्तरमा गाउँपालिकाप्रतिको विश्वास र सेवा प्रवाहमा चुस्तता ल्याई यसको माध्यमबाट अझ प्रभावकारी, सरल र सहज बनाउन भने आवश्यक देखिन्छ ।

उक्त उपलब्धी सन्तोषजनक नै रहेको भएता पनि स्थानीय सरकारको जिम्मेवारी र सेवाग्राहीको अपेक्षानुकुल हुन अझ प्रयास गर्नु पर्ने सबैपक्षबाट महशुस गरिएकोछ । फलस्वरुप आगामी वर्षहरुमा सामाजिक उद्देश्य तथा उपलब्धी हासिल गर्न लगानी, ठोस कार्यक्रम र आयोजनामा बृद्धि गर्ने, गा.पा., गैसस, नीजि क्षेत्र र नगरवासी बीच साझेदारीमा बृद्धि गर्ने, कार्यक्रमलाई नतिजा तथा उपलब्धीमूलक बनाउने, गाउँपालिकाले प्राथमिकतामा राखेको गाउँपालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्य लगायत सामाजिक सेवाको विकास र विस्तार, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वद्धि, नगरस्तरीय गौरवका आयोजनाहरुको कार्यान्वयन पूर्वाधारका अन्य विकास र कार्यान्वयन,जनप्रतिनिधी र कर्मचारीको क्षमता विकास र सुशासन प्रवर्धन लगाएत विभिन्न विषयगत विकासको लागि आगामी आर्थिक वर्षमा कार्यक्रम तथा नीति बनाई कार्यान्वयनमा ल्याइने साथै सडक तथा भवन मापदण्डको परिपालना, आन्तरिक राजस्व बढाउने कार्य जस्ता कार्यक्रमहरुलाई बिशेष प्रथमिकता दिई कार्यान्वयनमा जोड दिएको छ ।

उक्त उपलब्धी सन्तोषजनक नै रहेको भएता पनि स्थानीय सरकारको जिम्मेवारी र सेवाग्राहीको अपेक्षानुकुल हुन अझ प्रयास गर्नु पर्ने सबैपक्षबाट महशुस गरिएकोछ । फलस्वरुप आगामी वर्षहरुमा सामाजिक उद्देश्य तथा उपलब्धी हासिल गर्न लगानी, ठोस कार्यक्रम र आयोजनामा बृद्धि गर्ने, नपा, गैसस, नीजि क्षेत्र र गाउँपालिका वासी बीच साझेदारीमा बृद्धि गर्ने, कार्यक्रमलाई नतिजा तथा उपलब्धीमूलक बनाउने, गाउँपालिकाले प्राथमिकतामा राखेको गाउँपालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्य लगायत सामाजिक सेवाको विकास र विस्तार, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वद्धि, नगरस्तरीय गौरवका आयोजनाहरुको कार्यान्वयन पूर्वाधारका अन्य विकास र कार्यान्वयन, जनप्रतिनिधी र कर्मचारीको क्षमता विकास र सुशासन प्रवर्धन लगायत विभिन्न विषयगत विकासको लागि आगामी आर्थिक वर्षमा कार्यक्रम तथा नितीबनाई कार्यान्वयनमा ल्याइने साथै सडक तथा भवन मापदण्डको परिपालना, आन्तरिक राजस्व बढाउनेकार्य जस्ता कार्यक्रमहरुलाई बिशेष प्राथमिकता दिई कार्यन्वयनमा जोड दिएको छ ।

दिगो विकासको अवधारणालाई मुर्तरुप दिन भौतिक पुर्वाधार निमार्णमा गाउँपालिका भित्र भएका विभिन्न प्रमुख र सहायक सडकहरुको विद्मान अवस्था अध्ययन गरि स्थानीय यातायात गुरु योजना तयार गरी सो को आधारमा सडक सञ्जाल नङसाकन गरेर MTMP को प्राथमिकता क्रममा परेका सडकहरु क्रमिक रुपमा स्तरोन्नती गर्दै लैजाने नीति अवलम्बन गरिने छ । वातावरणीय पक्षलाई विशेष ध्यान दिई समग्र खजुराबासीको सक्रिय सहभागीतामा योजना तर्जुमा र कार्यन्वयन गर्ने प्रणाली अबलम्बन गरी सुशासनलाई केन्द्र बिन्दुमा राखी योजना तथा कार्यक्रमहरको सुपरिवेक्षण तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता कार्यान्वयन गर्ने साथसाथै सामाजिक विकासका कार्यक्रम सञ्चालन गर्ने । वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा, सोको कार्यान्वयन र नतिजामूलक अनुगमनको खाँका, योजना तयारी र तथ्याङ्कको आधार तयार गर्ने जस्ता प्रतिवद्धता सम्बन्धित पक्षबाट व्यक्त भएको र त्यसको लागि सबै पक्षबाट सहयोग गर्ने प्रतिवद्धता समेत गरिएको छ । जुन सामाजिक परीक्षणको अर्को उपलब्धीको रुपमा पनि लिन सकिन्छ ।

सामाजिक परीक्षण कार्यक्रममा सूचना तथा विवरण तयार गर्ने, अध्ययन, सर्वेक्षण तथा अन्तरवार्ता, अन्तक्रिया कार्यक्रममा सहभागि हुने तथा सहयोग गर्ने सेवाग्राहीहरु, शाखा प्रमुख तथा प्रतिनिधिहरु, नपाका कर्मचारीहरु, संचारकर्मी, आयोजना तथा कार्यक्रमका सम्बन्धित पक्षहरु र सामाजिक परीक्षण कार्यक्रमको अध्ययन, अनुसन्धान, अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रमको सहजिकरण गर्ने र यस रुपमा सामाजिक प्रतिवेदन

तयार गर्न प्राविधिक सहयोग गर्ने उत्पीडित समुदायिक विकास केन्द्र (OCDC-Banke), बाँके र परामर्शदाता तथा सामाजिक परीक्षक श्री शिवलाल पाण्डे र र यस कार्यमा सहभागि भई सहयोग गर्नुहुने अन्य सबैलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

.....

श्री बसबहादुर राना

(प्रमुख प्रशासकीय अधिकृत)

खजुरा गाउँपालिकाको सामाजिक परीक्षण प्रतिवेदन
आ.व.२०८०/०८१

१. पृष्ठभूमि :

खजुरा गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेहि बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रकृया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मुलल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रकृयामा सुधार गर्न, सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उद्दश्य प्राप्तीको सुनिश्चिता गर्न र जनप्रतिनिधी तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहिता अभिवृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा (५) बमोजिम एक आर्थीक बर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्न, स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७, स्थानीय तह सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धी नमुना कार्यविधि, २०७७ अनुसार सामाजिक परीक्षण गराउनु पर्ने नीतिगत व्यवस्था गरिएको छ । उपरोक्त व्यवस्था बमोजिम यस गाउँपालिकाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नु पर्दछ । यस अन्तर्गत सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम तथा आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकहरुलाई आधारमानी लेखाजोखा गर्नु पर्नेछ ।

"सामाजिक परीक्षण" भन्नाले स्थानीय तहका योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा पारेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन गरी अध्ययन प्रतिवेदन तयार गर्ने औजारलाई सामानिक परीक्षण वा Social Audit भनिन्छ । कार्यालयको समग्र योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन तथा सेवा प्रवाहले गाउँपालिका बासीहरुमा परेको आर्थिक सामाजिक विकासको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनुपर्छ भनी परिभाषित गरेको छ । यस कार्यलाई मूर्तरुप दिन परामर्शदाता संस्थाका विषयविज्ञहरु परिचालन गरी यस खजुरा गाउँपालिका बाँकेले गत आर्थिक वर्षको नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन गरी यो प्रतिवेदन तयार गरेको छ । यस प्रतिवेदनमा सामाजिक परीक्षणको पृष्ठभूमि तथा उद्देश्य, अध्ययन विधि तथा सीमा, सार्वजनिक वहश तथा छलफल, गाउँपालिका, विषयगत शाखा र साझेदार गैससबाट हासिल सामाजिक उपलब्धी तथा सामाजिक जिम्मेवारी सम्पादनको अवस्था, सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरु, कमीकमजोरी तथा सो पुरा गर्न चाल्नुपर्ने सुधारात्मक कदमहरु वा सुझावहरु समेटिएको छ ।

सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न खजुरा गाउँपालिकालाई ठूलो टेवा पुग्नेछ । यसैका आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउने देखिन्छ ।

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ को परिच्छेद ६ विविध अन्तर्गत उल्लेख भए अनुसार गैरसरकारी संस्थाहरू तथा अन्य सार्वजनिक संस्थाहरूले पनि सामाजिक परीक्षण गर्दा यस कार्यविधिको प्रयोग गर्न सक्ने र सो गर्न गराउन स्थानीय निकायहरूले समन्वय र सहयोग गर्नुपर्ने उल्लेख छ । 'सामाजिक परीक्षण कार्यविधि, २०६७ तथा स्थानीय तह सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धी नमुना कार्यबिधि, २०७७ का आधारमा खजुरा गाउँपालिकाको सामाजिक परीक्षण गरिएको हो ।

२. उद्देश्य :

स्थानीय तहको समग्र सामाजिक उत्तरदायित्व तथा जवाफदेहिता परिक्षण गर्दै गाउँपालिकाको समग्र प्रभावकारी कार्यसम्पादन गर्नु नै यस सामाजिक परिक्षणको मुख्य उद्देश्य हो । यस सामाजिक परिक्षणको विशिष्ट उद्देश्य देहाय बमोजिमका छन् ।

- स्थानीय सरकारले हरेक आर्थिक बर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि बर्षमा एक पटक सामाजिक परिक्षण गर्नुपर्ने प्रावधानलाई कार्यन्वयन गर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ बमोजिम एक आर्थीक बर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्न ।
- स्थानीय निकाय सामाजिक परीक्षण कार्यबिधि २०६७, स्थानीय तह सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्वन्धी नमुना कार्यबिधि २०७७ अनुरुप सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई कार्यन्वयन गर्न ।
- योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थीक तथा सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन गर्न ।
- कार्यक्रमको दिगोपना, नागरिकले प्राप्त गरेको प्रत्यक्ष लाभ र गाउँपालिकाको सबलिकरणका लागि सुझाव संकलन गर्न ।
- स्थानीय तहले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यबिधि अनुसार कार्य गरे, नगरेको बारे नागरिक तथा सरोकारवालाहरुको बुझाई मुल्यांकन गर्न ।
- समावेशि र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न पृष्ठपोषण गर्न ।
- गाउँपालिका तथा सरोकारवालाहरुलाई लक्षित वर्ग केन्द्रित सेवा प्रवाह गर्नका लागि जवाफदेही गराउने ।
- स्थानीय तहलाई नागरिक प्रति जवाफदेहि बनाइ स्थानीय तहका सरकारका प्रतिनिधी, कर्मचरी तथा नागरिक विच विश्वासको वातावरण सिर्जना गर्न ।
- गाउँपालिकाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउने ।
- खजुरा गाउँपालिकाले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चको सरोकारवालाहरुलाई जानकारी गराउने ।
- कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई सार्वजनिक र श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिने ।
- खजुरा गाउँपालिकाका गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- खजुरा गाउँपालिकाको सामाजिक परिक्षण गर्ने ।
- लक्षित उद्देश्य पूरा भए, नभएको, बजेट सहि रुपमा खर्च भए, नभएको समिक्षा गर्ने ।
- श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिन ।

३. सामाजिक परिक्षणका आधारहरु :

खजुरा गाउँपालिकाको कार्यसम्पादनको अनुगमन, मुल्यांकन तथा मापन गर्नको लागि सामाजिक कार्यको प्रभावकारीता लेखाजोखा गर्न गरिएको यो सामाजिक परिक्षणको आधारहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

- खजुरा गाउँकार्यपालिकाको कार्यालयको संगठन तथा संरचना

- खजुरा गाउँपालिकाको नीति, रणनीति र आगामी कार्यक्षेत्र र सोको प्रभावकारीता
- खजुरा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, बजेट व्यवस्थापन
- खजुरा गाउँपालिकाको कार्यक्षेत्र र सोको अनुगमन तथा मुल्यांकन
- गाउँपालिकाका बालबालिका, महिला, विपन्न तथा पछाडी पारिएका वर्ग, समुदायको हितको लागि गाउँपालिकाले खेलेको भुमिका
- स्थानीय आर्थिक तथा सामाजिक विकासमा गाउँपालिकाले खेलेको महत्वपुर्ण योगदान

४. सामाजिक परीक्षण सम्बन्धी अध्ययनको क्षेत्र र सिमा :

प्रस्तुत सामाजिक परीक्षण कार्यका क्षेत्र र सिमा निम्नानुसार रहेका छन् ।

१. गापाले गरेका नीतिगत निर्णय र प्रक्रियागत सुधारले पुगेको प्रभावका बारेमा अध्ययन गरिएको छ ।

२. गापाले गरेको विकास आयोजनामा जनसहभागिताको स्थितिको अध्ययन गरिएको छ । तर यसमा अन्य प्रकारका योजनामा जनसहभागिताको स्थिति अध्ययन गरिएको छैन ।

३. समयमा गापाले सेवा सुविधा दिन नसक्दा जनताले भोगेका समस्याको अध्ययन गरिएका छ । तर यसमा नेपाल सरकार, प्रदेश सरकार र अन्य निकायले दिने प्रत्यक्ष सेवा समावेश गरिएको छैन ।

४. समय तथा श्रोत साधनको कमीका कारण सामाजिक परीक्षणको क्रममा अन्तरवार्ता, समूहगत छलफल, स्थलगत अवलोकन, अध्ययन तथा सर्वेक्षणमा गर्दा आवश्यक व्यक्ति, समूह र आयोजना तथा कार्यक्रमलाई व्यापक र सघन रुपमा अध्ययन तथा विश्लेषण गर्न सकिएको छैन र प्रतिनिधिमूलक रुपमा सामाजिक क्षेत्रका आयोजना तथा कार्यक्रम, सेवा प्रवाहमा विशेष जोड दिइएको छ ।

५. सामाजिक परीक्षण विधि तथा प्रक्रिया : सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्बन्धी नमुना कार्यविधि, २०७९ को नीतिगत व्यवस्थालाई आधार मान्दै सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू अवलम्बन गरिएको थियो ।

५.१ सन्दर्भ सामग्री अध्ययन तथा पुनरावलोकन र समीक्षा : गाउँपालिकाबाट नियुक्त परामर्शदाता संस्थाका विषयविज्ञ सामाजिक परीक्षकहरुले सन्दर्भ सामग्रीको रूपमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, कार्यविधिहरू र निर्देशिकाहरू, खजुरा गापाको वार्षिक नीति तथा कार्यक्रम, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना, गाउँपरिषदका निर्णय, नीतिगत व्यवस्था र कार्यक्रम, सामाजिक उपलब्धि, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाई प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू तथा अन्य आवश्यक सामाग्रीको अध्ययन तथा अभिलेखन गरिएको थियो । त्यस्ता सामाग्रीहरुको अध्ययन पश्चात यस खजुरा गाउँपालिकाले सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा समीक्षा र विश्लेषण समेत गरी यसलाई प्रतिवेदनमा समेटिएको छ । अध्ययन, पुनरावलोकन र समीक्षाबाट नपाको सामाजिक उत्तरदायित्व विशेष गरी सामाजिक परीक्षण संबन्धी कानूनी, नीतिगत, निर्देशिका, कार्यविधि, योजना तथा नीति कार्यक्रमका व्यवस्थाहरु तपसिल बमोजिम प्रस्तुत गरिएकोछ ।

- सुशासन व्यवस्थापन ऐन र तत् सम्बन्धी नियमावली, २०६५ ले पनि सार्वजनिक निकायले सुशासन कायम गर्न सामाजिक उत्तरदायित्व अभिबृद्धिका रणनीति र औजारहरुको प्रयोग गर्नुपर्ने व्यवस्था रहेको ।
- जनगुनासो व्यवस्थापन निर्देशिका, २०६६ ले सार्वजनिक निकायले कार्यसम्पादनबारे जनगुनासो र सन्तुष्टी सर्वेक्षणको व्यवस्था गरेको ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु पर्ने : (५) गाउँपालिका तथा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको ।

– दफा ८०. सूचना प्रविधिको प्रयोग :- मन्त्रालयले स्थानीय तहको आर्थिक कार्य प्रणाली र प्रशासनिक काम कारबाहीमा एकरूपता कायम गर्न तथा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न त्यस्तो क्षेत्रमा प्रयोग गर्नुपर्ने सूचना प्रविधिको ढाँचा तोक्न सक्नेछ ।

५.२ सामाजिक परीक्षण सम्बन्धी अभिमुखीकरण : स्थानीय सुशासनको सन्दर्भमा उत्तरदायित्वको आवश्यकता, उत्तरदायित्वका विभिन्न औजारहरु लगायत सामाजिक परीक्षणका सैद्धान्तिक पक्ष र कार्यविधिको जानकारी, प्रयोग, सामाजिक परीक्षण विधि तथा प्रक्रिया समेत जनप्रतिनिधि,गाउँपालिकाका कर्मचारी, विषयगत समिति संयोजक ,कार्यापालिका सदस्य, स्थानीय संचारकर्मी, नागरीक समाजका प्रतिनिधि र वडाअध्यक्षज्यूहरुका लागि १ दिने अभिमुखीकरीरण कार्यक्रम मिति सञ्चालन गरिएको थियो । उक्त अभिमुखीकरण कार्यक्रमको आयोजना खजुरा गाउँपालिका गाउँपालिकाको सभाहलमा गरेको थियो भने कार्यक्रमको सहजीकरण परामर्शदाता संस्थाका विषयविज्ञ श्री सोभिता परियारले गर्नु भएको थियो । उक्त कार्यक्रम उल्लेखित क्षेत्रका प्रतिनिधिहरुको सहभागिता रहेको थियो .

५.३ पालिका स्तरीय सामाजिक परीक्षण समन्वय समिति परिचालन : स्थानीय निकाय सामाजिक परीक्षण कार्यबिधि २०६७, स्थानीय तह सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्वन्धी नमुना कार्यबिधि २०७७ बमोजिम सामाजिक परीक्षण कार्यको समन्वय तथा स्थानीय सरकार तथा सामाजिक परीक्षकलाई सहयोग गर्न गाउँस्तरीय सामाजिक परीक्षण समन्वय समिति गठन गर्ने व्यवस्था कार्यविधिले गरेता पनि सो बमोजिमको कार्यलाई समन्वय र सहयोगको लागि व्यवस्था गर्ने सवै जिम्मा उत्पीडित समुदायिक विकास केन्द्रले जिम्मा लिएको थियो ।

५.४ मुख्य पदाधिकारीसँग अन्तरवार्ता : सामाजिक परीक्षणको विधि तथा प्रक्रिया र कार्यविधिमा तोकिएका सूचकहरूका आधारमा परामर्शदाता संस्थाका सामाजिक परीक्षकहरुले गापाका प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख तथा सम्बन्धित कर्मचारीहरु, विषयगत शाखा प्रमुख/जनप्रतिनिधिसँग अर्धसंरचित ९क्झष(क्तचगअतगचभम० अन्तरवार्ताबाट तथ्याङ्क संकलन गरिएको थियो । यस क्रममा गाउँपालिकाका पदाधिकारी, राजनीतिक दल, कार्यपालिका सदस्य, बिषयगत समिती संयोजक, बिषयगत शाखा प्रमुख लगायत संचारकर्मी तथा सेवाग्राहीसँग अन्तरवार्ता गरिएको थियो ।

५.५ समूह छलफल : सामाजिक परीक्षणका विधि तथा प्रक्रिया बमोजिम कार्यविधिमा तोकिएका सूचकहरु तथा सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा अन्तरवार्ता, केन्द्रित समुह छलफलबाट समेटिन नसकेका विषयहरूका लागि नपा तथा विषयगत कर्मचारी तथा सेवाग्रहीको सानो समूह बनाई समूह छलफल गर्ने र सूचना संकलन तथा छलफलको निष्कर्ष समेत निकालिएको थियो ।

– मुख्य पदाधिकारी र कर्मचारीसँग अर्न्तवार्ता (कृषी विकास शाखा, शिक्षा, युवा तथा खेलकूद विकास शाखा तथा , स्वास्थ्य शाखा, पूर्वाधार शाखा, आर्थिक प्रशासन शाखा, सामाजिक विकास शाखा, पशु सेवा शाखा र न्यायिक समिति)

– समूह छलफल - लक्षित समुह, उपभोक्ता समुह, समिति, निर्माण व्यवसायी तथा सेवाग्राही)

५.६ स्थलगत अवलोकन तथा निरीक्षण : सामाजिक परिक्षणका क्रममा गाउँपालिकाको विभिन्न योजनाको स्थलगत अवलोकन, अध्ययन, अन्तरक्रिया र अभिमत संकलनबाट प्राप्त राय, प्रतिक्रिया र सुझावलाई यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

क.सं	योजना को नाम	योजनाका सकारात्मक पक्ष	योजनामा सुधार गर्नुपर्ने पक्ष	कैफियत
१	**भौतिक पूर्वाधार :- सडक निर्माण**			
	आयोजनाको नाम : भानु मा.वि.देखि डिप बोरिङ्ग जोड्ने बाटो कालोपत्रे योजना, खजुरा वडा नं.६,उढरापुर गाउँ, बाँके सम्झौता रकम रु.४८,३३,५२०।४४ भ्याट सहित निर्माण कम्पनीको नाम : भवानी निर्माण सेवा, सम्पर्क नं. ९८५८०२४६१४	– उढरापुर गाउँमा ३.७५ मि.को कालोपत्रे बाटो निर्माण भएको छ । – मधेशी मुस्लिम समुदायको घना बस्ती रहेको गाउँमा बाटो निर्माण भएको हुँदा सामाजिक रुपमा पछाडी परेको समुदाय र क्षेत्रको समुचित विकासमा टेवा पुगेको । – उढरापुर लगायत यस क्षेत्रका स्थानीय बासीन्दालाई खजुरा गाउँपालिकाको केन्द्र खजुरा बजार र जिल्ला सदरमुकाम नेपालगंज सम्म आवत जावतमा दुरी छोटो एवं सहजता भएको छ ।	– सडकको दुबै तर्फ नाली सहित साईड प्रोटेक्टशनमा ध्यान दिनुपर्ने । – सडकको निर्माण कमजोर भएको हुँदा एक वर्ष नहुँदै धेरै स्थानमा भत्किएको । – यस बाटोलाई क्रमागत योजनाको रुपमा राखी बि गाउँ सम्म जोड्न निरन्तरताका दिईनुपर्ने । – भारी क्षमताका सवारी तथा ढुवानीका साधनबाट हुनसक्ने सडकको क्षतीलाई न्यूनीकरणमा ध्यान दिईनुपर्ने । – सडकको नियमित मर्मत संम्भारको नीतिगत व्यवस्था सहित कोषको व्यवस्था गरी सोही कोषबाट भत्केको सडकहरुको मर्मत संम्भार गरिनुपर्ने ।	
२	**भौतिक पूर्वाधार :- रेडक्रस बाउण्ड्री वाल निर्माण**			
	आयोजनाको नाम : रेडक्रस बाउण्ड्री वाल निर्माण योजना, खजुरा गाउँपालिका वडा नं.४, बाँके सम्झौता रकम रु.४,७५,०००।- निर्माण समिति अध्यक्ष/सभापति : श्री जिवनाथ सापकोटा	– नेपाल रेडक्रस खजुरा उपशाखाको भवनको बाउण्ड्री वाल निर्माण भएको छ । – नेपाल रेडक्रस खजुरा उपशाखाको भवनको सुरक्षा भएको छ । – सामाजिक सार्वजनिक सेवामा सक्रिय सामाजिक संस्थाको संस्थागत विकासमा टेवा पुगेको ।		

३	**भौतिक पूर्वाधार :- सिन्दुरी मन्दिर निर्माण योजना**			
	आयोजनाको नाम : सिन्दुरी मन्दिर निर्माण योजना, खजुरा गाउँपालिका वडा नं.७,सिदुरे गाउँ, बाँके सम्झौता रकम रु.३,००,०००।- समितिको नाम : सिन्दुरी मन्दिर निर्माण उपभोक्ता समिति, खजुरा गाउँपालिका वडा नं.७,सिदुरे गाउँ,बाँके समितिका अध्यक्षको नाम : श्री रामविलास खटिक	– सिन्दुरी मन्दिरको निर्माण भएको छ । – धर्म परम्परा र संस्कृति संरक्षणमा टेवा पुगेको छ । – समुदायको तर्फबाट झण्डै ५० प्रतिशत भन्दा बढी जनश्रमदान तथा नगद रकम संकलन गरी मन्दिर निर्माण गरिएको ।	– मन्दिर परिसरको कम्पाण्ड वाल, खानेपानी तथा शौचालय निर्माण गरिनु पर्ने । – मन्दिर परिसरमा जाने पहुँच मार्ग निर्माण गरिनु पर्ने । – मन्दिरको प्रचार प्रसारका लागि मुख्य सडकमा बोर्ड राखिनुपर्ने ।	
४	**भौतिक पूर्वाधार :- जनसेवा मा.वि.को अधुरो भवन निर्माण योजना**			
	आयोजनाको नाम : जनसेवा मा.वि.को अधुरो भवन निर्माण योजना, खजुरा वडा नं.६, पुरैना,गिजरा, बाँके सम्झौता रकम रु.८,८७,९५४।- विद्यालय व्यवस्थापन समितिका अध्यक्षको नाम : श्री राजेश यादव	– जनसेवा मा.वि.को दोस्रो तल्ला भवनको निर्माण भएको छ । – दीगो शैक्षिक पूर्वाधार निर्माण हुनुका साथै विद्यार्थीलाई पठन पाठनमा सहयोग पुगेको । – यस विद्यालयको शैक्षिक गुणस्तरमा टेवा पुगेको ।	– विद्यालयको अन्य शैक्षिक पूर्वाधार र विज्ञान तथा आईसिटि ल्याब निर्माणमा सहयोग गरिनु पर्ने ।	
६	**भौतिक पूर्वाधार :- जेठीनाला पुलमा तटबन्धन निर्माण योजना**			
	आयोजनाको नाम : जेठीनाला पुलमा तटबन्धन निर्माण योजना, खजुरा वडा नं.६ गिजरा, बाँके सम्झौता रकम रु.१३,०८,९८०।- निर्माण कम्पनीको नाम : विश्वकर्मा निर्माण सेवा, सम्पर्क नं. ९८४८०२७४०२	–जेठीनालाको कटानबाट बाटो तथा बस्तीको सुरक्षा भएको छ । –बाढीबाट हुने खेतीयोग्य जमीनको क्षती तथा मानव बस्तीको जोखिम न्यूनिकरणमा सहयोग पुगेको ।	–यस क्षेत्रमा जेठीनालाको कटान तिब्र रुपमा भएको हुँदा यहाँको क्षतीको दिर्घकालिन रुपमा रोकथामका लागि थप तटबन्धन र अन्य जैविक तटबन्धको कार्य गरिनुपर्ने ।	
७	**भौतिक पूर्वाधार :- व्याडमिन्टन कर्भड हल निर्माण योजना निर्माण योजना**			
	आयोजनाको नाम : व्याडमिन्टन कर्भड हल निर्माण योजना, खजुरा वडा नं.३, बाँके सम्झौता रकम रु.१०,००,०००।- अध्यक्षको नाम : श्री लक्ष्मण कार्की, सम्पर्क नं. ९८४८०४४८२७	– व्याडमिन्टन कोर्ट स्थलमा बनेको कोर्टको भवनको प्लाष्टर, स्टेज, पर्खाल र शौचालय निर्माण भएको छ । – व्याडमिण्टन खेलको विकासमा सहयोग पुगेको छ र युवालाई प्रत्यक्ष लाभ पुगेको ।	– व्याडमिण्टन कोर्ट/कर्भड हलको निर्माण कार्यको बाँकी रहेको काम समयमै पुरा गरी संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनुपर्ने ।	

८	**भौतिक पूर्वाधार खजुरा बहुउद्देशिय सभाहल**			
	आयोजनाको नाम : खजुरा बहुउद्देशिय सभाहल, खजुरा वडा नं.३, बाँके सम्झौता रकम रु.४,८६,००,०००। (भ्याट सहित) ठेकेदार कम्पनीको नाम : श्री अम्मर कन्ट्रक्शन प्रा.लि.	– खजुरा क्षेत्रमा ठुला सभा, समारोह तथा कार्यक्रम संचालन गर्न मिल्ले बहुउद्देशिय सभाहल निर्माण भएको छ । – यस खजुराको स्थानीय आर्थिक क्रियाकलाप एवं अर्थतन्त्रलाई चलायमान बनाउन टेवा पुग्ने । – स्थानीय रोजगारीको सिर्जना र समग्र खजुरा क्षेत्रको पहिचान बृद्धिमा सहयोग पुग्ने । – यस पालिकालाई नगरपालिकाको रुपमा स्तरोन्नती गर्न र शहरीकरणमा सहयोग पुगेको ।	– बहुउदेद्दिय सभाहल संचालन कार्यविधि वा निर्देशिका निर्माण गरिनु पर्ने । – सभाहलमा चाहिने आवश्यक फर्निचर, साउण्ड सिस्टम, वाईरिङ्ग लगायतका कार्य गरिनु पर्ने । – सभाहलको सुरक्षा एवं सरसफाईका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरिनु पर्ने – सभाहलको सौन्दर्यकरण, पार्किङ्ग, क्यान्टिन, बजैचा लगायतका अन्य कार्य गरी नियमित रुपमा संचालनमा ल्याईनु पर्ने र पालिकाले तथा यसका साझेदार संस्थाहरुले गर्ने सबै कार्यक्रम यहि सभाहलबाट नै संचालन गनुपर्ने । – सभाहलको निममित मर्मत सम्भार लगायत अन्य पूर्वाधार निर्माणमा ध्यान दिनुपर्ने ।	
९	**भौतिक पूर्वाधार स्वास्थ्य चौकी भवन निर्माण**			
	आयोजनाको नाम : ४ कोठे स्वास्थ्य चौकी भवन निर्माण, खजुरा वडा नं.१ राधापुर, बाँके सम्झौता रकम रु.१९,७७,०००।- (भ्याट सहित) ठेकेदार कम्पनीको नाम : श्री हेम कन्ट्रक्शन खजुरा, बाँके सम्पर्क नं. ९८५८०३१०३९	–ल्याब, विरामी जाँच तथा उपचार कक्ष, स्टोर लगायतको दिगो पूर्वाधार निर्माण भएको । –विरामी तथा स्वास्थ्यकर्मीहरुलाई उपचार सेवा लिन दिन सुविधा र सहज भएको छ । –क्रमागत योजना भएको हुँदा बाँकी अपुरो काम समेत पुरा हुने । –आधारभूत स्वास्थ्य सेवाको गुणस्तर बृद्धि भएको ।	–नियमित मर्मतर संम्भार हुनुपर्ने । –पार्किङ्ग स्थल निर्माण गरिनुपर्ने ।	

१०	**भौतिक पूर्वाधार आर्दश मा.वि.को विद्यालय पर्खाल निर्माण**			
	आयोजनाको नाम : आर्दश मा.वि.को विद्यालय पर्खाल निर्माण, खजुरा वडा नं.३, बाँके सम्झौता रकम रु.२०,००,०००।- विद्यालय व्यवसथापन समिति अध्यक्षको नाम : श्री नेत्र रानाभाट	– विद्यालय परिसरको बाउण्ड्री वाल निर्माण भएको छ र विद्यालयको जग्गा तथा भवन लगायत सम्पतीको सुरक्षा भएको । – विद्यार्थीलाई पठन पाठनमा सहजता भएको छ ।	– पर्खाल तथा विद्यालयको नियमित मर्मतर संम्भार हुनुपर्ने । – बाँकी रहेको स्थानमा पर्खाल निर्माण गरिनु पर्ने ।	
११	**भौतिक पूर्वाधार लुम्बिनी प्रदेश प्रहरी गण पर्खाल निर्माण**			
	आयोजनाको नाम : लुम्बिनी प्रदेश प्रहरी गण पर्खाल निर्माण, खजुरा वडा नं.३, बाँके सम्झौता रकम रु.१०,००,०००।- उपभोक्ता समिति अध्यक्षको नाम : श्री हेमराज यादव	– प्रहरी गण परिसरको बाउण्ड्री वाल निर्माण भएको छ र प्रहरी गणको कार्यालय तथा भवन लगायत सम्पतीको सुरक्षा भएको । – प्रहरी गणको सुरक्षामा सहयोग पुगेको छ ।		

५.७. सार्वजनिक वहश कार्यक्रम/प्रारम्भिक प्रतिवेदन तयारी प्रस्तुति तथा छलफल : यस चरण तथा प्रक्रियामा नपाले सामाजिक जिम्मेवारी बहन गर्दा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरी बुँदागत रूपमा सामाजिक परीक्षण कार्यविधि, २०७९को अनुसूची ५, ६ र ७ अनुसार प्रारम्भिक प्रतिवेदन तयार गरिएको छ । यस प्रकार तयार प्रतिवेदन देहाय अनुसारको शीर्षकमा केन्द्रित गरी सार्वजनिक वहश कार्यक्रममा छलफलको लागि प्रस्तुत गरिएको थियो ।

- कार्यक्षेत्रको परिचय
- गाउँपालिका को प्राथमिकता तथा लक्षहरू
- गाउँपालिका गतवर्षको मुख्य मुख्य उपलब्धिहरू
- सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
- आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू
- आगामी दिनमा सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

५.८ प्रतिवेदन तयारी : सामाजिक परिक्षणको प्रारम्भिक प्रतिवेदन सार्वजनिक वहश कार्यक्रममा प्रस्तुत पश्चात छलफलमा उठेका सुझाव तथा निर्णयहरू र कार्ययोजना सहित कार्यविधिको **अनुसूची-९** अनुसार अन्तिम प्रतिवेदन तयारी र सार्वजनिक गरिएकोछ । प्रतिवेदनका विषयवस्तु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

- पृष्ठभूमि
- सामाजिक परीक्षणको उद्देश्य
- अध्ययन विधि
- अध्ययनको सीमा
- बृहत छलफल कार्यक्रमको विवरण
- सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरु
- सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु
- सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

५.९ सार्वजनिक वहश तथा सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम सञ्चालन विधि : सार्वजनिक बहस तथा सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम सञ्चालन विधि तपसिल सञ्चालन गरिएको थियो ।

- कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, सञ्चालन विधि, समय र आचारसंहिताबारे जानकारी प्रदान नगरिएको थियो ।
- सामाजिक परीक्षकबाट सामाजिक परिक्षणको विस्तृत विवरण प्रस्तुत गरिएको थियो ।
- प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि कार्यक्रमका सहभागीहरूको तर्फबाट निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव संकलन गरिएको थियो।
- प्रश्नहरु निम्न बमोजिम संकलन गरिएको थियो ।

यस खजुरा गाउँपालिकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव (सूचकको आधारमा)

- गरेका विकास योजनाहरूमा जनसहभागिताको स्थिति ।
- समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू ।
- वालवालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता ।
- सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादन ।
- सामाजिक उत्तरदायित्व पूरा गर्न वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू ।
- सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुती कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परीक्षकले सारसंक्षेप तयारी गरी प्रतिवेदनमा समावेश गरिएकोछ ।

५.१० प्रतिवेदन सार्वजनिक तथा कार्यान्वयन : सामाजिक परीक्षकद्धारा सामाजिक परिक्षण प्रतिवेदन अनुसूची-९ अनुसार गाउँपालिका प्रमुख समक्ष पेश गरिएको छ । यस गापाले सो सामाजिक परीक्षण प्रतिवेदन गाउँ परिषद्मा पेश गरी मूख्य-मूख्य बुँदाहरूलाई (सकारात्मक तथा सुधारात्मक) विश्लेषण गरी सार्वजनिक गर्नेछ । सामजिक परीक्षण प्रतिवेदनले औल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न गापाले नीतिगत निर्णय गर्नेछ ।

६.वृहत छलफल कार्यक्रमको विवरण : खजुरा गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ को सामाजिक परिक्षण कार्यक्रम २०८२ साल असार ३२ गते भित्र सम्पन्न गरेको छ । सामाजिक परिक्षण कार्यक्रम उत्पीडीत सामुदायिक विकास केन्द्र (OCDC-Banke) कोहलपुर, बाँकेको प्राविधिक सहयोगमा सम्पन्न सामाजिक परिक्षण काय स्थानीय निकाय सामाजिक परीक्षण कार्यबिधि २०६७, स्थानीय तह सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्वन्धी नमुना कार्यबिधि २०७७ अनुसूची ५ र ६ अनुसारको प्रतिवेदन यस गाउँपालिकाद्धारा आयोजित सार्वजनिक छलफल कार्यक्रममा प्रस्तुत गरिएको थियो । प्राविधिक सहजिकरण गर्ने संस्था उत्पीडीत सामुदायिक विकास केन्द्र (OCDC-Banke) ले तयार पारेको प्रारम्भिक प्रतिबेदन माथि सरोकारवालाहरुबाट प्राप्त आवश्यक सल्लाह एबम् सुझावलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

७. गाउँपालिकाको समग्र उपलब्धी तथा कार्यसम्पादनको स्थिति विवरण : गाउँपालिकाले विभिन्न सामाजिक क्षेत्रमा गरेको योगदान (कार्यक्रम, प्रतिफल तथा उपलब्धीलाई स्थानीय तह सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्वन्धी नमुना कार्यबिधि २०७७ अनुसार उल्लेखित व्यवस्था, सामाजिक जिम्मेवारीका प्राथमिकताका क्षेत्र र ढाँचामा लेखाजोखा गरी कार्यविधि, २०७७ को अनुसूची ६ र ७ अनुसारको प्रतिवेदन तयार गरी प्रस्तुत गरिएको छ ।

खजुरा गाउँपालिकाको आ.व.२०८०/०८१को शाखागत/क्षेत्रगत प्रगति :

क) लेखा शाखा

चालू तथा पुजीगत बजेटको अवस्था

शिर्षक	विनियोजित रकम	कैफियत
चालु	५५४५९७६३२।७१ (६४।७२%)	
पूजीगत	३१४८१५६८०।३९ (३६।०२%)	
जम्मा	८६९४१३३१३।१० (५२।०७)	

प्राप्ती र खर्च

शिर्षक	प्राप्त रकम	खर्च रकम
चालु	५५४५९७६३२।७१	४९७४९३९०५।८३ (८९।७%)
पूजीगत	३१४८१५६८०।३९	२१६०६८१०५।४४ (६८।६३%)
जम्मा	८६९४१३१३।१०	७१३५६२०११।२७ (८२।०७%)

विवरण	अनुमान रु.	प्राप्ती रु.	कैफियत
संघीय समानीकरण	१४,६२,००,०००.००	१३,५९,६६,०००.००	
संघीय सशर्त	३६,८१,८६,०००.००	३३,९४,१९,१८०.००	
संघीय समपुरक	५००००००	३७८२५०५	
संघीय विशेष	८५०००००	६९९३९६५	
प्रदेश समानीकरण	१०९४५०००	८२०८७५०	
प्रदेश सशर्त	११७५००००	९४०००००	
प्रदेश सशर्त	२५०००००	१९६९२६७	
प्रदेश विशेष	१०००००००	६४२२५८५	
प्रदेश समपुरक	११८७९९०००	९९५३०४९७.३८	
संघ राजस्व	२५६३४६५८	२५५७९३७२.६३	
प्रदेश राजस्व			
आन्तरिक राजस्व मौज्दात	१३१८९८६५५.१०	१३१८९८६५५.१०	
आन्तरिक राजस्व	३०००००००	२०९७५१५१.४७	

आर्थिक वर्ष ८०/८१ आय व्यय CGAS तर्फ

अख्तियारी मार्फत प्राप्त बजेट	अनुमान	प्राप्ती	खर्च	प्रगति प्रतिशत
सामाजिक सुरक्षा	२३८५७०००००	२३८५७०००००	२३७८४११७३	९९
गरिव संग विश्वेश्वर कार्यक्रम	४१५०००	४१५०००	४०००००	९६
सामाजिक विकास कार्यक्रम अपाङ्ग सहायक सामग्री वितरण	३००००००	३००००००	३००००००	१००
शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालय छात्रवृत्ति प्राविधिक इन्टर्नशिप	३०५८२३	३०५८२३	२९८५२४	९८

विभिन्न कोषहरुको आयव्यय

विभिन्न कोषहरुको आय व्यय	प्राप्ती (रु हजारमा)	खर्च	बाँकी	प्रगति प्रतिशत
प्रकोप व्यवस्थापन कोष खाता	१२९७४८००।७३	५९४४०७०।०१	७०३०७३०।७२	
धरौटी आय	२२६३२७९७।८१	१६२६७११	२१००६०८६।८१	
लैङ्गिक हिंसा निवारण कोष	१७५०००	३००००	१४५०००	

बालकोष	१७६०६०	१५०००	१६१०६०	
आइटी तलब	३८३४५४।९८	३८३४५४।९८	०	
कक्षा ८ को परीक्षा सञ्चालन	४८६५०	४७८९५	७५५	

आर्थिक वर्ष ८०/८१ को क्षेत्रगत वार्षिक विवरण : रु (हजारमा)

यस खजुरा गाउँपालिकाको २०८०/८१ को क्षेत्रगत बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ। पूर्वाधार विकास तथा आर्थिक विकासको कूल खर्चको २७६६ प्रतिशत मात्र खर्च भएकाले उक्त क्षेत्रमा श्रोत बढाउनुपर्ने देखिन्छ।

क्र.स.	क्षेत्रगत	विनियोजित रकम (हजारमा)	खर्च रकम (रु हजारमा)	खर्च प्रतिशत
१	आर्थिक विकास	४५९७५	३७२६१	५।२२
२	पूर्वाधार विकास	२३८८०७	१६००८९	२२।४४
३	सामाजिक विकास	४४०१६२	३९४७६२	५५।३२
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	२८१५३	२१७१८	३।०४
५	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	११३३१४	९९७२९	१३।९८
	जम्मा	**८६६४१३**	**७१३५६२**	

श्रोत : मलेप प्रतिवेदन, २०८२

सबल पक्षहरु :

- ठेक्का प्रक्रियाबाट खरीद।
- समयमै भुक्तानी गर्न सकिएको।
- शाखाहरु बीच राम्रो सम्बन्ध ।
- जनप्रतिनिधी तथा कर्मचारी बीच राम्रो सम्बन्ध।
- सफ्टवयेर प्रणालीमा लेखा।

कार्यान्वयन तथा कार्यसम्पादनको सन्दर्भमा देखिएका महत्वपुर्ण समस्या तथा चुनौतिहरु :

- विद्युतिय प्रणाली SUTRA, C-GAS र राजश्व सफ्टवयेरमा केही प्राविधिक समस्या (जस्तै अलि स्पष्ट उल्लेख गर्ने)
- उपभोक्ता समिति मार्फत काम गर्दा कागजी प्रक्रियामा कही कतै चुकेकाले भुक्तानी गर्दा समस्या भएको ।
- दक्ष तथा निष्ठावान कर्मचारीको अभाव।
- राजश्व संकलन भन्दा बढी खर्च गर्न तर्फ बढी क्रियाशिल
- क्षमता विकास सम्बन्धी कार्यक्रम पर्याप्त नहुनु।
- टुक्रे योजना तर्जूमा हुनु।
- वर्षको अन्तिममा तिर योजना संशोधन/रकमान्तर हुनु।
- अख्तियारको त्रास
- अबण्डा बजेट

ख) कृषि शाखा

योजना/कार्यक्रम कार्यान्वयनको अवस्था

क्र.स.	कार्यक्रम/योजना	बजेट	खर्च	खर्च प्रतिशत	कैफियत
१	जलश्रोत तथा सींचाई कार्यक्रम	२०३००००	१९०३९९५	९३।७९	
२	उत्पादनमा आधारित कृषि अनुदान कार्यक्रम	२००००००	१५०६२४५	७५।३१	

क्र.स.	कार्यक्रम/योजना	बजेट	खर्च	खर्च प्रतिशत	कैफियत
३	धान दिवस कार्यक्रम	६००००	६००००	१००	
४	उपाध्यक्ष संग उत्पादकोपरान्त प्रोसेस तालिम तथा प्रविधि हस्तान्तरण	४०००००	०	०	
५	उत्कृष्ट कृषक पुरस्कार (बाली प्रतियोगिता)	१५००००	१२८७७०	८५।८५	
६	मागमा आधारित ५०% अनुदान कार्यक्रम	५०००००	४९१०९५	९८।२२	
७	सिंचाई उपकरण तथा बोरीङ्ग जडान	५०००००	४६०८७३	९२।१७	
८	वडा नं. २ मा च्याउ खेतीको टहरो निर्माण	३५००००	३२६९६३	९३।४२	
९	५०% अनुदानमा तरकारी तथा फुलको विउ वितरण	३०००००	२२८६५०	७६।२२	
१०	कृषि अनुदानको तथ्यांक व्यवस्थापन लाई Kobotoolbox questionnaire तालिम	५००००	५००००	१००	
११	प्राकृतिक श्रोत व्यवस्थापन कलेजका विद्यार्थीहरुलाई खजुरा गापा क्षेत्रभित्र कृषि अनुसन्धान खर्च	५०००००	४९८०००	९९।६०	
१२	बाली उपचार शिविर	१६००००	११०६४१	६९।१५	
१३	किसान सूचीकरण कार्यक्रम	३४००००	३४००००	१००	
१४	धान, गहुँ विउ उत्पादन कार्यक्रम	१९०००००	१६०४५९०	८४।४५	
१५	कार्यालय परिसर भित्र नमुना प्रदर्शन स्थल व्यवस्थापन तथा ओजीटि परिचालन	३५०००	३०२३५	८६।३९	
१६	अनुगमन तथा फिल्ड भेरिफिकेसन	१५००००	१३५४०५	९०।२७	
१७	इन्धन	२०००००	१६५९९९	८३	
१८	सवारी साधन मर्मत	१५०००	१५००	१५	
१९	कार्यालय सञ्चालन खर्च	६००००	५९९७३	९९।९६	
	जम्मा				

योजना तथा कार्यक्रमको कार्यान्वयनको अवस्था (सशर्त)

संघ/प्रदेश

क्र.स.	कार्यक्रम/योजना	बजेट	खर्च	खर्च प्रतिशत	कैफियत
१	कृषि स्नातक करार	५२५०००	४०७०५०	७७।५३	
२	किसान सुचिकरण	२९४०००	२९४०००	१००	
३	साना सिंचाई प्रवर्द्धन कार्यक्रम	८०००००	७८७५०५	९८।४४	
४	तरकारी खेती प्रवर्द्धन कार्यक्रम	९७५०००	४४००००	४५।१३	
५	कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अद्यावधिक कार्यक्रम	१०००००	१०००००	१००	
६	निरन्तर तरकारी पकेट विकास कार्यक्रम	५०००००	५०००००	१००	
७	बाली कटानी तथा रिपोर्टिङ्ग	५००००	५००००	१००	
	जम्मा	**३२४४०००**	**२५७८५५५**	**७९।४९**	

महत्वपुर्ण उपलब्धीहरु :खजुरा गापा कृषि शाखा अर्न्तगत विभिन्न कार्यक्रमहरुको कार्यान्वयनका सन्दर्भमा भएका महत्वपुर्ण उपलब्धीहरु देहाय बमोजिम उल्लेख गरिएको छ ।

- माटो परिक्षण प्रयोगशाला स्थापना गरि सेवा प्रवाह गरिएको ।
- सिंचाई तथा जलश्रोत कार्यक्रम अन्तरगत १६० जना लाभान्वित भएका ।
- अनुदान कार्यक्रममा लागत साझेदारी बाट ७० जना लाभान्वित भएका ।

- कृषक तरकारी बिउ ५० प्रतिशत अनुदानमा २०० जना लाभान्वित भएका ।
- बाली प्रतियोगता (बढी अन्न उत्पादन प्रतियोगित) आयोजना तथा सञ्चालन गरि स्थानीय बाली उत्पादकत्वमा कृषक आकर्षित गरेको ।
- किसान सूचिकारण गरि वडा नं. १ देखी वडा नं. ८ सम्म कृषक परिचय पत्र कार्यक्रम सञ्चालन गरिएको ।
- माटोको नमुना संकलन, परिक्षण तथा हेन्थ स्क्वायल कार्ड वितरण गरिएको ।
- पालिकाको कृषि, पशुपंक्षी तथा मत्स्य तथ्यांक संकलन गरिएको ।

कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतिहरु :

खजुरा गापा कृषि शाखा अन्तरगत विभिन्न कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्दा आइपरेका समस्याहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

- सशर्त कार्यक्रम अन्तरगत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना साना व्यवसायिक कृषि उत्पादन केन्द्र कार्यक्रमको नीतिगत परिवर्तन, आर्थिक वर्ष अनुसार धान पकेट गर्दा समस्या हुने, केन्द्रिकरण कार्यक्रमको प्रभाव तथा पकेट सञ्चालनका लागि एकै ठाउँमा क्षेत्रफल पुरयाउन गाह्रो ।
- सशर्त कार्यक्रम कार्यान्वयनमा समन्वयको अभाव महशुस गरिएको ।
- कृषि शाखामा भण्डारण कक्षको अभाव ।

आगामी दिनमा सुधारका लागि सुझाव :

- संघीय कार्यक्रमलाई आधार मानेर स्थानीय आवश्यकता पालिका स्तरीय कार्यविधी तथा मापदण्ड बनाइ कार्यान्वयन गर्न अपरिहार्य भएको ।
- शाखागत आवश्यकता अनुसार समयमै सामग्री उपलब्ध गराउनुपर्ने ।
- क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

ग) बन तथा वातावरण शाखा, समृद्धीका लागि वन परियोजना
कार्यक्रमको प्रगति विवरण

क्र.स.	कार्यक्रम	विनियोजित रकम (रु)	खर्च रकम (रु)	प्रगति प्रतिशत	लाभान्वित संख्या	कैफियत
१	पालिका स्तरीय वन, वातावरण तथा विपद व्यवस्थापन समितिको बैठक	१००००	९७५०	९७।५	१५ जना	
२	समुदायमा आधारित बनहरुमा लैङ्गिक समानता तथा वातावरणीय सुरक्षा तालिम	२०००००	१६९२७०	८४।६४	११९ जना	
३	वृक्षारोपण तयारी तथा भूक्तानीको लागि अनुगमन	१०००००	७२०००	७२	३०० जना	
४	सार्वजानिक जग्गा व्यवस्थापन समिति गठन, विधान तयार तथा दर्ता	२१००००	१४३९८०	६८।५७	३ समिति	
५	नीजि तथा सार्वजानिक जग्गामा वृक्षारोपण तरिका तथा प्रक्रिया बारे तालिम	६००००	५७२००	९५।३३	६० जना	
६	सम्भावित वृक्षारोपण योग्य नीजि	५००००	४९३५०	९८।७	२२	

क्र.स.	कार्यक्रम	विनियोजित रकम (रु)	खर्च रकम (रु)	प्रगति प्रतिशत	लाभान्वित संख्या	कैफियत
	तथा सार्वजानिक जग्गा पहिचान तथा वृक्षारोपण योजना तयारी				सामुदायिक विद्यालय	
७	वनक्षेत्रका वन उद्यमी तथा सरोकारवालाहरुको भेला तथा समिक्षा गोष्ठी	५००००	५०५००	१००	३५ जना	
८	वन तथा वातावारण शाखा व्यवस्थापनका लागि सहयोग	३८०००	३८०००	१००	१ शाखा	
	जम्मा	**३२००००० ०**	**१२९१८४०**	**४०।३७**		

कार्यक्रम कार्यान्वयनमा देखिएका चुनौती :

परियोजनाको प्रारम्भिक चरणमा अत्यावश्यकीय नीति तथा कानूनी मापदण्डहरुको अपर्याप्तताको कारण सोको ऐन तथा कार्यविधी बनाउनु परेको तर समयमै स्थानीय राजपत्रमा प्रकाशन गरी जारी गर्न असमर्थ भएकाले कार्यसम्पादन गर्न कठीनाई भएको ।

घ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

प्रगति विवरण

क्र.स.	कार्यक्रमको नाम	विनियोजन रकम	खर्च रकम	खर्च (%)
१	निगरानी समितिको गठन तथा अभिमूखीकरण	२००००	१९६४०	९८।२३
२	मानव बेचविखन तथा ओसारपसार विरुद्धको बैठक - पालिका स्तरीय)	३००००	२९२७०	९७।५७
३	महिलाहरुलाई उद्यघोषक तालिम	१५००००	१५००००	१००
४	अपाङ्गता भएका व्यक्तिहरुलाई अविलम्ब पहिचान गर्न स्वास्थ्य घुम्ती शिविर सञ्चालन साझेदारी	१०००००	१०००००	१००
५	बालश्रम, बालविवाह, जातीय विभेद सम्बन्धमा अभियान सञ्चालन	१५००००	१५००००	१००
६	लैङ्गिक हिंसा निवारणमा सशक्तिकरण सहकार्य तालिम	३०००००	२९९३६०	९९।७९
७	एकल महिला तथा हिंसा पिडित महिलाहरुलाई मनोपरामर्श	१५००००	१४९७८५	९९।७९
८	टोल विकास संस्था निगरानी समितिका सदस्यहरुलाई लैङ्गिक हिंसा तथा घरेलु हिंसा सम्बन्धी तालिम	२०००००	१९८५००	९९।२५
९	बाल विवाह तथा लागु औषध सम्बन्धी विद्यालय स्तरीय अभियान	१२००००	८६७००	७२।७२
१०	पालिका स्तरीय किशोरी सञ्जाल गठन तथा अभिमुखिकरण	५००००	५००००	१००
११	उपाध्यक्ष संग किशोरी हातेमालो कार्यक्रम अन्तरगत जीवनोपयोगी तालिम	१०००००	९९९८०	९९।८९
१२	अन्तराष्ट्रिय तथा राष्ट्रिय दिवसहरु	२०००००	१७८६५०	८९।३३
१३	मानव बेचविखन विरुद्ध वडास्तरीय जनचेतनामुलक कार्यक्रम	१२००००	१२००००	१००
१४	वडास्तरीय तथा पालिका स्तरीय बाल अधिकार समितिको क्षमता विकास	१२००००	११८०००	९८।३३

क्र.स.	कार्यक्रमको नाम	विनियोजन रकम	खर्च रकम	खर्च (%)
१५	कार्यालय सञ्चालन तथा विविध खर्च खजुरा गाउँपालिकाको लैङ्गिक उत्तरदायि बजेट परिक्षण	१४५०७७	११२७२०	७७।७०
१६	अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण	२०००००	१४२२००	७७।७७
१७	पालिका स्तरीय बाल क्लब सञ्जालको अन्तरक्रिया	११००००	१०८९००	९९।००
१८	बाल कोष	५००००	५००००	१००
१९	अपाङ्गता भएका ५२ जनालाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सहयोगमा सामग्री वितरण			
जम्मा				९८।८३

महत्वपुर्ण उपलब्धीहरु :

- पालिका स्तरीय बाल क्लब सञ्जाल गठन गरी विभिन्न कार्यक्रम सञ्चालन गरिएको ।
- ८ वटै वडाहरुमा किशोरी क्लब गठन तथा पालिका स्तरीय क्लब गठन गरी क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, रणनीति तथा कार्यविधी निर्माण गरेको ।
- मन्त्रालयको सहयोगमा सहायक सामग्री वितरण गरिएको ।
- लक्षित वर्गका कार्यक्रम प्रभावकारी ढंगबाट सम्पन्न गरेको ।
- बालबालिकाका हकअधिकार स्थापनार्थ बाल संरक्षण नीति बनेको ।
- बाल क्लब र बाल क्लब सञ्जाल गठन तथा सञ्चालन कार्यविधी निर्माण गरको
- लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधी निर्माण भइ कोष स्थापना गरिएको ।
- स्वास्थ्य शाखा संग समन्वय गरि ८२ जनालाई स्वास्थ्य विमामा आवद्द गरेको ।

लक्षित वर्ग अन्तरगतका कार्यक्रम :

- आदीवासी जनजाती समुदायका लागि भाषा संरक्षण तालिम ।
- मोटरसाइकल मर्मत तालिम, टायल फिटिङ्ग तालिम, कुक खाजा नास्ता तालिम, पलम्बर तालिम, लक्षित वर्गका किशोरकिशारीलाई लोकसेवा तयारी कक्षा १ महिने तालिम, झोला निर्माण तालिम लगायतका स्वरोजगार तथा रोजगार प्रदायक तालिम कार्यक्रमहरु सम्पन्न गरिएको ।
- अपाङ्गता भएकाहरुलाई सहायक सामग्री वितरण ।

कार्यान्वयन गर्दा आईपरेका समस्या तथा चुनौतिहरु :

- भौतिक पूर्वाधार केन्द्रित योजनाहरुको कारण श्रोत अभाव । मानव संसाधन भन्दा भौतिक विकासलाई प्राथमिकता दिने संस्कार ।
- शाखामा कर्मचारीहरुको अपर्याप्त दरबन्दी ।
- बजेट विनियोजन गर्दा लैङ्गिक मैत्रि बजेटमा ध्यान नजानु ।
- लैससका कार्यक्रमहरुलाई वडा कार्यालयहरुले अपनत्व ग्रहण गर्न नसक्नु र सोही अनुरुप बजेट विनियोजन नगर्नु ।

आगामी दिनमा गर्नुपर्ने सुधारहरु :

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अनुरुप नीति निर्माण गरी कार्यान्वयन गर्न पहल गर्नुपर्ने ।

- योजना तर्जूमा चरणहरुलाई पालना गर्ने ।
- कर्मचारी र जनप्रतिनिधीको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।
- बजेट लाई लैङ्गिक उत्तरदायी बनाउने

ङ) आयुर्वेद शाखा

प्रगति विवरण

क.स.	कार्यक्रम/योजना	बजेट	खर्च	खर्च प्रतिशत	कैफियत
१	औषधी खरीद	८,१६,४३३	८,१६,३६७	९९.९९	
२	ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम	९०,०००	८९,३८३	९९.३१	
३	स्तनपायी नवजात शिशुको रक्षार्थ सुत्केरी महिलाहरुको लागि दुग्ध बर्धक औषधी बर्थिङग सेन्टर) बितरण	६५,०००	६४,९४०	९९.९१	
४	विद्यालय आयुर्वेद तथा योग तथा स्वस्थ जीवनशैली कार्यक्रम(५ वटा मा. वि.)	१,००,०००	९९,२६०	९९.२६	
५	योग शिविर सञ्चालन कार्यक्रम	४०,०००	३८,९५०	९७.३८	
६	पञ्चकर्म पूर्वकर्म सेवा विस्तारका लागि प्राविधिक जनशक्ति व्यवस्थापन	९०,६६७	९०,६६५	९९.९९	
७	कार्यालय संचालन तथा व्यवस्थापन	१३,००,०००	१२,९७,४६५	९९.८	

२०८०/८१ प्रदान गरिएको सेवा

क.स.	विवरण	इकाई	जम्मा लाभान्वित	कैफियत
१	OPD Service	जना	७४१८	
२	Geriatric Service	जना	११५८	
३	Safe motherhood Services	जना	२५५	
४	Purvakarma/Panchakarma	जना	४८९	
५	Yoga	जना	८१०	
६	School Health Programme	जना	५०८	
७	Durg's Abuse Warnessn Programme	जना	५०९	
८	Lifestyle Modification	जना	१०१५	
९	Sugar Test	जना	१५०	
	जम्मा लाभान्वित	**जना**	**१२,३१२**	

महत्वपुर्ण उपलब्धीहरु :

- जेष्ठ नागरिकहरुका शारिरीक जाच गरि रसायन औषधी र योगको माध्यम बाट स्वास्थ्य संरक्षण प्रवद्धन उचित परामर्श दिएको ।
- मातृशिशु स्वास्थ्य र स्तनपानको महात्व बुझाउन आमा र बच्चाको स्वास्थ्य सुधार गर्न तथा कुपोषण जन्य रोगबाट बचाउन प्रयाप्त मात्रामा दुध बढाउन दुग्धवर्धक औषधी वितरण गरिएको ।
- ५ वटा माध्यमिक विद्यालयका करिव ५०८ विद्यार्थीहरुलाइ आयवद स्वास्थ्य, स्वस्थ जिवन शैली, योग र स्थानिय स्तरमाइन मडिसिन पलान्ट का पलान्टकोबारे मा पशिक्षण गरिएको ।
- यस स्वास्थ्य सस्थाबाट पाच वटा विद्यालयहरुमा लागुऔषध दुर्वेशनी रोकथाम तथा स्वस्थ जीवनशैली ५०९ जना विद्यार्थीहरुलाई प्रशिक्षण लागु गरिएको ।
- नियमित रुपमा योग कार्यालयबाट संचालन गरिएको

- अधरा भवन निमाण सम्पन्न भइ एक जना पाविधिक जनशक्ति व्यवस्थापन गरि पर्वकर्म र पंचकर्म सेवा विस्तार गरिएको ।
- नागरिक आरोग्य सेवा केन्द खजराका समन्वय र बाके आयुर्वेद केन्द्रको आयोजनामा वडा नागरिक आरोग्य समूहका वडा .नं. ५,६, ७ र ८ का सदस्यहरुलाई स्वस्थ जीवनशैली अभियान कार्यक्रम गरिएको ।
- नागरिक आरोग्य से वा कन्द खजराका समन्वय र बाक आयवद स्वास्थ्य क न्द्रको आयोजनामा वडा नं. १,२,३ र ४ का वडा नागरिक आरोग्य समूहका सदस्यहरुलार्य स्वस्थकर जिवनशैली प्रवर्धनमा गृहणीहरुका लागि भान्सा सुधार कार्यक्रम संचालन गरिएको ।
- नागरिक आरोग्य सेवा केन्द्र खजुराको समन्वय र बाँके आयुर्वेद स्वास्थ्य केन्द्रको आयोजनामा खजुरा गाउँपालिकाका माध्यमिक विद्यालय र नि.मा.वि.का शिक्षकहरुलाई आयुर्वेद सेवा स्वस्थ जीवनशैली र योग शिक्षा सम्बन्धि TOT तालिम नेपालगंजमा भएको छ ।
- पुर्वकर्म र पंचकर्म सेवा बापत ५१,८५० राजश्व संकलन भएको छ ।

कार्यान्वयनमा आइपरेका समस्या र चूनौति :

- सीमित बजेट तथा श्रोतका कारण कार्यक्रम गर्न कठीनाई भएको ।
- संस्थाको भवन नभएको हुदा सेवा प्रवाह गर्न कठीनाई भएको ।
- संस्थामा २ जना मात्र कर्मचारी भएको हुदा थप सेवा प्रदान गर्न कठीनाई भएको ।

आगामी दिनमा गनुपर्ने सुधार :

- बजेट विनियोजन गर्दा नागरिक आरोग्य सेवा कन्द (आयुर्वेद) बाट आधारभत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन तथा बढदो नसर्ने रोग नियन्त्रणका लागि लागि अगामी आर्थिक वर्षमा थप बजेटको व्यवस्थापन गर्नु पर्ने ।
- यस संस्थामा सेवा लिन आउन बिरामीहरुका लागि शुद्ध खानपानीको व्यवस्थापन गर्नु पर्ने ।
- कार्यालयको गेट तथा तारवार गर्नु पर्ने ।

च) पशुसेवा शाखा :

महत्वपुर्ण उपलब्धीहरु :

- पशुस्वास्थ्य कार्यक्रम अन्तरगत आवश्यकता अनुसार (जम्मा कति ?)निशूल्क औषधी उपचार तथा औषधी वितरण गरिएको छ । साथै रोग सर्भिलेन्स तथा नमुना संकलन तथा सम्प्रेशण गरिएको छ । ८५ गोटा कुखुराको पोष्टमार्टम गरि विभिन्न रोगको परिक्षण गरिएको ।
- नश्ल सुधार कार्यक्रम अन्तरगत कार्यालय परिसरमै ६४७ गोटा गाई भैंसीमा निशूल्क कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको ।
- पशु बन्ध्याकरण अन्तरगत बोका १०७६ र बहर ७८ गरी जम्मा ११५४ गोटा पशुलाई बन्ध्याकरण सेवा प्रदान गरिएको छ । यसै गरि जम्मा ६०७०७ गोटा गाई भैसीलाई खोप सेवा प्रदान गरिएको ।
- गाइनोकोलोजिकल (प्रसुति) उपचार अन्तरगत ७० गोटा गाई तथा ८६ गोटा भैसीहरु गरी जम्मा १५६ गोटाको पाठेघर सफाई सेवा प्रदान गरिएको ।
- साथै जम्मा ६८४ गोटा गाई भैसीको गोबर परिक्षण गरिएको ।
- यसै गरि पशुपालक किसानहरुलाई हिउदे घाँसको विऊ २०२५ केजी र वर्षे घाँसको विऊ ३२३० केजी वितरण गरिएको ।
- यसै गरि माछापालक कृषकहरुलाई ४२०००० माछा भुरा वितरण गरिएको ।

छ) रोजगार सेवा केन्द्र :

खजुरा गाउँपालिका रोजगार सेवा केन्द्रले आव २०८०/८१ म ५८ जना महिला तथा २२ जना पुरुष गरी ६९ जनालाई १०० दिन बराबारको र थप ११ जनालाई ५० दिन बराबरको गरी कूल ८० जनालाई रोजगारी सिर्जना गरेको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तरगत विनियोजित बजेट तथा खर्च विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

क्र.स.	आयोजना तथा कार्यक्रम	जम्मा सिर्जित रोजगारी संख्या	जम्मा विनियोजित बजेट (रु)	जम्मा खर्च रकम (रु)	खर्च प्रतिशत
१	प्रधानमन्त्री रोजगार कार्यक्रम	३५	२३,२२,०००	२३,०७,१३८४.	९९.३६
२	युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना	४५	२६,५४,२००	२६,२४,५६८	९८.८८
३	रोजगारी सिर्जना बाहेक अन्य खर्च (खजुरा गापा)	आवश्यक हातेऔजर खरीद तथा मर्मत	८०,०००	६२,४००	७८
४	SAMI कार्यक्रम		२७,००,०००	२५,४०,६८०	९४.०९

वैदेशिक रोजगार कल्याणकारी सेवा प्रवाहमा सहजीकरण

क्र.स.	सहजीकरणको प्रकार	कुल निवेदन	रकम ट्रान्सफर भएको	बैरो बार्डमा पठाइएको
१	वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका व्यक्तिको घरपरिवारलाई आर्थिक क्षतिपूर्ति प्रदान	५	३	२
२	वैदेशिक रोजगारीमा गइ दुर्घटनामा परी अंगभंग भएका व्यक्तिलाई आर्थिक क्षतिपूर्ति	३	२	१
३	वैदेशिक रोजगारीमा गएका व्यक्ति (क्यान्सर, मृगौला सम्बन्धी, मुटु सम्बन्धी, अल्जाइमर र पार्किन्सेन्स रोग विरुद्ध) पारिवारिक स्वास्थ्योपचार खर्च प्रदान	७	३	४
४	वैदेशिक रोजगारीमा गई दुर्घटनामा परी अंगभंग भएका व्यक्तिलाई आर्थिक क्षतिपूर्ति	१४	०	१४

क्र.स.	सहजीकरणको प्रकार	नया श्रम स्वीकृति	पूनः श्रम स्वीकृति	जम्मा श्रम स्वीकृति
१	वैदेशिक रोजगार श्रम स्वीकृती तथा पूनः श्रम स्वीकृति प्राप्त गर्न सहजीकरण	११	११८	१२९

यसगरी यस खजुरा गाउँपालिकाको वैदेशिक रोजगारीको अवस्था देहाय बमोजिम प्रस्तुत गरिएको ।

जम्मा घरधुरी संख्या	वैदेशिक रोजगारीमा संलग्न संख्या	वैदेशिक रोजगारीमा रहेका	वैदेशिक रोजगार बाट फर्केका	अध्ययनमा रहेका संख्या
१३२७६	४५५८	३२२९	११६७	१६२

यसैगरी विभिन्न ८४ वटा वित्तिय साक्षरता तथा मनोसामाजिक कक्षा सत्र मार्फत १०२ जना महिलाहरु लाभान्वित भएका छन् ।

ज) सहकारी शाखा

प्रगति विवरण

क्र.स.	कार्यक्रम	विनियोजित रकम (रु)	खर्च रकम (रु)	खर्च प्रतिशत
१	स्थानीय सहकारीहरुलाई लेखा व्यवस्थापन तालिम	२०००००	१८५७५०	९२।८८
२	सहकारी संघसंस्थाहरु संग अन्तरक्रिया	१०००००	९९७५०	९९।७५
३	सहकारी संस्थामा ऐन, नियम विनियम सम्बन्धी कार्यक्रम	१०००००	१०००००	१००
४	स्थानीय महिला सहकारी बाट मसौरा, गुन्द्रुक, मसला जस्ता स्थानीय उत्पादन बजारीकरणका लागि लागत साझेदारीमा यान्त्रीकरण, प्याकेजिङ्ग, कच्चा पदार्थ खरीद कार्यक्रम	४३५५६०	४३५०००	९९।८७

क्र.स.	कार्यक्रम	विनियोजित रकम (रु)	खर्च रकम (रु)	खर्च प्रतिशत
५	स्थानीय सहकारी संस्था वडाहरुमा अन्तरक्रिया कार्यक्रम	१०००००	९९६६०	९९।६६
६	स्थानीय सहकारी संस्थाहरुमा कापोमिस सम्बन्धी तालिम	२०००००	१९२६४०	९६।३२
	जम्मा	**११३५५६०**	**१११२८००**	**९७।९९**

झ) सामाजिक तथा पञ्जीकरण शाखा

आ.व. २०८०/०८१ को खजुरा गाउँपालिकाको व्यक्तिगत घटना दर्ता प्रगती विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

क्र.स.	जन्म	मृत्यु	सम्बन्ध विच्छेद	विवाह	बसाई सरी आएको	बसाई सरी जाने	जम्मा
१	१५११	३६५	५५	६०५	२४४	९८	२८७८

सामाजिक सुरक्षाको प्रगति विवरण

जम्मा लाभग्राही				जम्मा रकम
पहिलो किस्ता	दोश्रो किस्ता	तेश्रो किस्ता	चौथो किस्ता	
६३६६	६५४१	६६८६	६७९०	२३७८४११७६

यसका अलावा सामाजिक तथा पञ्जीकरण शाखा बाट व्यक्तिगत घटना दर्ता सप्ताह, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली पूनर्ताजगी तालिम तथा वायोमेट्रिक प्रणालीद्धारा सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राहीहरुको परिचयपत्र नवीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको । शाखाले २०८१ बैशाख १ देखी ७ गते सम्म सञ्चालन गरेको व्यक्तिगत घटनादर्ता सप्ताहमा ३७ जन्म, ७ विवाह गरी जम्मा ५० वटा व्यक्तिगत घटनाहरु दर्ता भएका थिए ।

ञ) शिक्षा, युवा तथा खेलकुद शाखा

आर्थिक प्रगति विवरण

क्र.स.	बजेटको श्रोत	विनियोजित रकम	खर्च रकम	भौतिक प्रगति	वित्तीय प्रगति
१	सशर्त अनुदान (SSDP)	२८४१७६२५०	२५७४३४६२८	१००	९१
२	पलिका	४०१७१४००	३७३३५९८१	१००	९३

विद्यालयहरुको अवस्था

क्र.स.	सामुदायिक/संस्थागत	मदरासा	गुरुकुल	बालविकास	प्राथामिक विद्यालय	निम्न माध्यमिक विद्यालय	माध्यमिक विद्यालय
१	सामुदायिक	१८	१	६६	९	५	१६
२	संस्थागत	०	०	२	३	७	१०

सामुदायिक तथा नीजि विद्यालयको विद्यार्थी विवरण

विद्यालय प्रकार	ECD तह	कक्षा १–५	कक्षा ६–८	कक्षा ९–१०	कक्षा ११–१२
सामुदायिक	१५१६	७३१२	३१६६	१८६०	१५६१
नीजि	२१४९	२५०९	८७४	३६७	७९

कक्षा ५ र कक्षा ८ को सीकाई उपलब्धीको अवस्था

खजुरा गाउँपालिकाको कक्षा ५ र कक्षा ८ को औषत सीकाई उपलब्धीको अवास्था देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

कक्षा	गणित	नेपाली	अंग्रेजी	विज्ञान
५	५२	५४	५३	५६
८	४८	५२	५४	४९

केही महत्वपुर्ण उपलब्धीहरु :

- सार्वजानिक विद्यालयका विद्यार्थीहरुका लागि निशूल्क पाठ्यपुस्तक वितरण गरिएको ।
- शत प्रतिशत भौतिक प्रगति सहित विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान सञ्चालन गरिएको ।
- सार्वजानिक विद्यालयमा अध्ययनरत आवासिय तथा गैरआवासिय विद्यार्थीहरुका लागि छात्रवृत्ति प्रदान गरिएको ।
- कक्षा ८ मा ९७ प्रतिशत विद्यार्थीहरु कक्षान्नोति भएका ।
- ३२०२ जना सामुदायिक विद्यालयका छात्राहरुलाई महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरी प्याड सहज ढंगले प्रदान गरिएको । साथै प्रभावकारी तथा जोखीम रहित तरिकाले प्याड व्यवस्थापनका लागि स्यानीटरी प्याड डिस्पोजन मेसिन सामुदायिक विद्यालयहरुलाई प्रदान गरिएको ।
- कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिपूर्ति गर्न बैकल्पिक सीकाई अतिरिक्त कक्षा निरन्तर रुपमा सञ्चालन गरिएको ।
- आधारभूत तह निशूल्क तथा अनिवार्य शिक्षा कार्यक्रम कार्यान्वयनका लागि सामुदायिक विद्यालयहरुलाई अत्यावश्यकीय सहयोग जस्तै वत्ती, पानी, मसलन्द, खेलकुद तथा परीक्षा सञ्चालन खर्च प्रदान गरिएको ।
- सीकाइ प्रक्रियामा विद्यार्थीहरुको आकर्षण वृद्धि गर्नका लागि उत्कृष्ट छात्रछात्रा सम्मान कार्यक्रम सञ्चालन गरिएको ।
- बहिरा श्रोत कक्षामा ४८ जना बहिरा बालबालिकाहरु आवाशिय रुपमा अध्ययन गरेका छन् । पालिका बाट २ जना बहिरा शिक्षक तथा १ जना आयाको व्यवस्था गरिएको छ ।
- शैक्षिक तथ्यांक संकलन, प्रशोधन तथा प्रयोग गरिएको । साथै शैक्षिक सत्रको गतिविधीहरुलाई चुस्तदुरुष्त तथा प्रभावकारी ढंगले सञ्चालन गर्नका लागि शैक्षिक क्यालेन्डर निर्माण तथा प्रकाशन गरिएको ।
- शिक्षा सम्बन्धी कार्यविधी निर्माण, शैक्षिक बुलेटिन प्रकाशन तथा गणित प्रयोगशाला लगायतका महत्वपूर्ण गतिविधीहरु गरिएको ।
- Talking Teacher Smart System, उद्यमशिलता तथा वित्तीय साक्षरता तालिम, विषयगत शिक्षक तालिम, गरिब जेन्हेन्दार विद्यार्थी एमविविएस तयारी कक्षा, विपन्न तथा गरिब छात्रछात्रालाई अतिरिक्त कक्षा आदी कार्यक्रमहरु सञ्चालन गरिएको ।
- कक्षा १ देखी १० सम्म नया पाठ्यक्रम प्रवोधीकरण गरिएको ।
- युवाहरुको नेतृत्व विकास तथा सशक्तिकरणका निमित्त राष्ट्रिय युवा परिषद संगको साझेदारी तथा सहकार्यमा नमुना युवा संसद अभ्यास कार्यक्रम सञ्चलान गरिएको । साथै युवा स्वयम् सेवक विकास तथा परिचालन गरिएको ।
- युवा तथा खेलकुद विकासका लागि विभिन्न कार्यक्रमहरु जस्तै क्रिकेट प्रतियोगिता, खेलाडी सम्मान, कब्बडी प्रतियोगिता, चेस प्रतियोगिता, साइकिलिङ्ग, क्लब संग साझेदारी, मिनी म्याराथुन तथा किशौर राठौर प्रथम क्रिकेट प्रतियोगिता, भलिबल प्रतियोगिता, जुडो मार्सलआर्ट, जिल्ला स्तरीय मेअरकप, पालिका अध्यक्ष कप, भेट्रान फुटबल प्रतियोगिता आदी सञ्चालन गरिएको । साथै खजुरा व्याडमिन्टन कवर्ड हलको पनि निर्माण सम्पन्न गरिएको ।

असल अभ्यासहरु :

- सीकाई सहजीकरणमा सूचना प्रविधीको अधिकतम प्रयोग गरिएको ।
- सबै माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय तथा सूचना प्रविधी ल्यावको स्थापना गरिएको ।
- कमजोर शैक्षिक अवस्था भएका विद्यार्थीहरुको सीकाईमा सुधारका लागि अतिरिक्त कक्षा सञ्चालन गरिएको ।
- ४ वटा सामुदायिक केन्द्र क्रियाशिल अवस्थामा भएका ।
- निशूल्क तथा अनिवार्य शिक्षा नीति अनिवार्य रुपमा लागु गर्नका लागि कक्षा ८ मा पूर्णरुपमा निशूल्क शिक्षा सुनिश्चितता गरिएको ।

- विद्यालयमा शिक्षक कर्मचारीको उपस्थिति नियमित तथा व्यवस्थित गर्नका लागि विद्युतीय हाजिरी कार्यान्वयनमा ल्याइएको ।
- विद्यार्थीको सर्वाङ्गिण विकास गर्नका लागि अन्तरविद्यालय खेलकुद प्रतियोगिता पालिकास्तरमा सञ्चालन र व्यवस्थापन गरिएको ।
- गरिब र सिमान्तकृत परिवारका बालबालिकाहरुलाई कक्षा ११ र १२ मा अध्ययनरत छात्रवृत्ति उपलब्ध गराइएको । साथै SEE मा ३।६१–४।०० GPA ल्याउने विद्यार्थीहरुलाई सम्मान तथा पुरस्कृत गरिएको ।
- एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली वेवमा आधारित प्रणाली लागु अद्यावधीक गरिएको ।
- जनजागरण समाज, रुम टु रिड, रेष्ट नेपाल, बाँके युनेस्को क्लब तथा अमेरिकी सहयोग नियोग संग विभिन्न कार्यक्रम मार्फत समन्वय, सहकार्य तथा साझेदारी ।
- सबै विद्यालयमा सूचना प्रविधी श्रोत शिक्षकको व्यवस्था गरिएको ।

समस्या तथा चुनौतिहरु

- विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई समावेशी तथा समतामूलक कार्यक्रम लागु गरि सुविधाहरु उपलब्ध गराई विद्यालयमा गुणस्तरीय शिक्षा दिनु ।
- संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई १० प्रतिशत छात्रवृत्ति अनिवार्य गर्नु ।
- आपतकालिन अवस्थामा वैकल्पिक शिक्षा व्यवस्था मार्फत सिकाई निरन्तरता गर्न । जस्तै गर्मी, जाडोयाम, दशैं तथा विभिन्न स्वास्थ्य महामारी र विपदको समयमा वैकल्पिक कक्षा सञ्चालन गर्न कठीनाई भएको ।
- सामुदायिक तथा संस्थागत विद्यालयबीच सहकार्य तथा समन्वय गरी प्रतिष्पर्धात्मक रुपमा गुणस्तर कायम गर्नु ।
- श्रोत अभावका कारण पञ्चवर्षिय शिक्षा योजना कार्यान्वयनमा कठीनाई भएको ।
- सामुदायिक विद्यालयमा बालमैत्री वातावरणमा सीकाई सुधार गर्नु ।
- अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न नसक्नु ।
- व्यवहारिक तथा जीवनोपयोगी शिक्षा प्रवाह गर्नु ।
- विद्यार्थीहरुलाई नियमित २०५ दिन विद्यालयमा उपस्थित गराउन ।
- विद्यालय व्यवस्थापन समिति तथा सक्रिय तथा जवाफदेही बनाउन ।
- न्यून विद्यार्थी भएका विद्यालयलाई समायोजन गर्न ।

ट) स्वास्थ्य शाखा

खजुरा गाउँपालिकाको स्वास्थ्य शाखाको बजेटको कार्यान्वयन तथा प्रगतिको अवस्था देहाय बमोजिम रहेको छ ।

क्र.स.	बजेटको प्रकार	विनियोजित बजेट	खर्च रकम	प्रगति प्रतिशत
१	निशर्त	१,०४,०२,०००	१,००,६३,३०१	९६।९७
२	सशर्त	५,३१,०३,०००	४,७५,००,६३३।५०	८९।४५

महत्वपुर्ण उपलब्धीहरु :

- ९० जना सुत्केरी तथा आर्थिक रुपमा विपन्नको लागि निशूल्क एम्बुलेन्स सेवा प्रदान गरिएको । साथै गर्भवतीहरुलाई निशूल्क भिडियो एक्सरे को व्यवस्था गरिएको ।
- गर्भवतिहरुलाई निशूल्क ल्याव परिक्षण गरिएको । साथै विपन्न गर्भवति तथा सुत्केरीहरुलाई निशूल्क क्याल्सियम चक्कीको व्यवस्था गरिएको ।
- सुत्केरी तथा गर्भवतिहरुको लागि आपतकालिन कोषको व्यवस्था गरिएको ।
- बालबालिकाको पोषण सुधारको लागि सामुदाय स्वास्थ्यकर्मी परिचालन गरिएको ।
- आर्थिक विपन्न तथा अशक्त तथा अपाङ्ग व्यक्तीहरु मध्ये जम्मा ७६ जनाको निशूल्क स्वास्थ्य विमा गरिएको ।
- स्वयम् सेविकाको निशूल्क विमा कार्यको व्यवस्था गरिएको ।

- सुशिल कोइराला प्रखर क्यान्सर अस्पतालको लागि ब्लड बैंक रेफ्रिजेरेटर खरीद गरि हस्तान्तरण गरिएको ।
- ५० जना आर्थिक रुपमा विपन्न क्षयरोगी विरामीलाई ४ महिना सम्म लगातार रुपमा रु १८०० बराबरको पोषण सामग्री वितरण गरिएको ।
- जाजरकोट तथा रुकुममा आएको विनासकारी भूकम्प बाट प्रभावितका लागि करिब ३ लाख बराबरको औषधी वितरण तथा स्वास्थ्यकर्मी परिचालन गरिएको ।
- निलसागर नेपालगञ्जमा बस्ने बालबालिकाहरुलाई ठेउलाको महामारी फैलिदा रु ५०००० बराबरको उपकरण, स्वास्थ्य सामग्री र औषधीको वितरण गरिएको ।
- खजुरा ३ क गाउँमा खोप केन्द्र निर्माणको लागि वडा नं. ३ र स्वास्थ्य शाखाको संयुक्त रुपमा एउटा खोपकेन्द्र निर्माण गरिएको छ ।
- सम्पुर्ण स्वास्थ्यसंस्थाहरुमा वायोमेट्रिक हाजिरी जडान गरिएको छ ।

काम गर्ने क्रममा आइपरेका समस्याहरु

- स्वास्थ्य संस्थाहरुमा पर्याप्त मात्रामा अनुगमन तथा सुपरिवेक्षण गर्न नसकिएको ।
- कर्मचारीहरुमा आपसी समन्वय तथा सहकार्यको अभाव ।
- सशर्त तर्फको केही शिर्षकहरुमा बजेट समयमा उपलब्ध नभएकोले कार्यान्वयन गर्न कठीनाई भएको ।
- आधारभूत स्वास्थ्यकेन्द्रहरुमा कर्मचारीको अभावले प्रभावकारी स्वास्थ्य सेवा दिन नसकिएको ।

आवश्यक सुधारका लागि सुझावहरु

- स्वास्थ्य संस्थामा सेवाग्राहीको चाप अनुसार कर्मचारीहरुको दरवन्दी मिलान गर्नुपर्ने ।
- स्वास्थ्य शाखामा चेन अफ कमाण्ड अनुसारको कर्मचारीको व्यवस्था गर्नुपर्ने ।
- स्वास्थ्य संस्थाको नियमित अनुगमन तथा सुपेरिवेक्षण गर्नुपर्ने ।

ठ) उद्यम विकास शाखा

उपलब्धी हरु :

- वडा नं. ६ र ७ का ५३ जना बेरोजगार तथा घरको चुलोचौकोमा सीमित महिला तथा पुरुषहरुलाई लघु उद्यमी समुहमा आवद्ध गराइयो । साथै उद्यमशिलता विकास तालिम तथा व्यवसायिक योजना निर्माण तालिम सञ्चालन गरिएको ।
- स्थानीय स्तरमै स्वरोजगारमुखी क्रियाकलाप गर्न २० जना युवालाई रेफ्रिजेरेटर मर्मत तालिम प्रदान गरिएको ।
- सीप विकास तालिम प्रदान गरि व्यवसाय सञ्चालन गर्न प्रविधी हस्तान्तरण गरिएको ।
- वस्तु तथा सेवाको उत्पादन तथा बजारीकारण, व्यवसाय दर्ता तथा व्यवसाय विमा लगायतका कार्यक्रम गरिएको । फलस्वरुप १० जना उद्यमील व्यवसाय दर्ता गरि सञ्चालन गरेको ।
- सबै वडाका ७४ जना युवाहरुलाई हलुका सवारी चालक तालिम प्रदान गरिएको ।

कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्या तथा चुनौतिहरु

- सहभागीहरुमा आफ्नो क्षमता विकास भन्दा पनि भत्ता तथा नगदी प्रोत्साहनमा बढी चाँसो भएको ।
- अपेक्षित उपस्थिती नहुनु ।
- सीप सिक्ने तथा उद्यमशील सोचको अभाव ।

सुधारका लागि सुझावहरु

- वित्तिय साक्षरता, उद्यमशीलता, जिवनोपयोगी सीप तथा बजारीकरण तालिम प्रदान गरि वैदेशिक रोजगारीमा जान नचाहने तथा वैदेशिक रोजगारीबाट फर्किएका युवा तथा महिलाहरुलाई विभिन्न बजारकेन्द्रित सीप व्यवसायमा जोड्ने ।
- स्थानीय वस्तु तथा सेवाको उत्पादन तथा प्रयोगमा ध्यान दिने ।

- पालिका भित्र रहेका विभिन्न उद्योग व्यवसायको अनुगमन गरि दर्ता तथा नविकरण प्रक्रियामा लैजाने ।
- स्थानीय परम्परागत सीप, तथा उत्पादनमा प्रविधीको सम्मिश्रण गरि एक घर एक उद्यमको अभियान सञ्चालन गर्ने ।
- भारत संगको खुल्ला सीमाको कारण स्थानीय उत्पादन तथा व्यवसायमा पर्न गएको कठीनाई लाई हटाउन सीमा क्षेत्रबाट हुदै आएको चोरी आगमनलाई नियमन तथा नियन्त्रण गर्ने ।

ड) घरनक्सा तथा पूर्वाधार विकास शाखा

२०८०/८१ नापी तथा घरनक्सा तर्फको महत्वपुर्ण उपलब्धीहरु

- घरनक्सा दर्ता संख्या – ११८
- घरनक्सा पास संख्या – १३६
- जग्गा विवाद नापजाँच निवेदन – ७६ (नापजाँच सम्पन्न)
- भूमिहीन, सुकुम्बासी, भूमिहीन दलित अवस्थित बसोबास जग्गा नापजाँच – ४८० विगाह नापजाँच गरिएको ।

वडा तथा पालिका स्तरीय योजना अर्न्तगत आव २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन वडा नं. १ –८ सम्म

क्र.स.	शिर्षक	इकाई	जम्मा
१	नया सडक निर्माण	मिटर	६५०३
२	सडक ग्राभेल	मिटर	११७३४
३	आरसिसि सडक	मिटर	११६९
४	सडक कालोपत्रे	मिटर	३५७९
५	पक्की नाला	मिटर	१००१
६	विद्युत पोल	थान	२२५
७	सडक तार पोल विस्तार	मिटर	१२७९९
८	पिसिसि बाटो	मिटर	२१५

अन्य महत्वपुर्ण उपलब्धीहरु :

- सार्वजनिक खरिद लाई थप पारदर्शी मर्यादित र जवाफदेही बनाउने उदेस्य अनुरुप सार्वजनिक खरिदलाई बिधुतिए प्रणाली मार्फत संचालनमा ल्याइएको जस्तै रोलर, व्यकहो लोडर, औसधी खरिद, स्यानिटरी प्याड खरीद, सक्सन ट्यांक खरिद, भौतिक निर्माण सम्बन्धी जस्ता करिब ४० ओटा खरिद प्रक्रिया e–bidding मार्फत सम्पन्न गरिएको
- नागरिक हरुको नैशर्गिक हक अनुरुप घर घर मा खानेपानि लाइन जडान का कार्य तथा खानेपानी सस्थान कार्यालय संग को सहकार्य मा पाइप लाइन बिस्तार तथा डिप बोरिंग र सामुदायिक बिद्यालय मा स्वछ खानेपानी कार्य सम्बन्धि भुक्तानी कार्य ।
- मुख्य बजार तथा गाउँबस्ति मा नाला निर्माण तथा क्रसड्रेन निर्माण हरु ।
- नयाँ बाटो/ ट्रयाक खोल्ने कार्य साथै सडक स्तरउन्नति अन्तर्गत ग्राबेल तथा पिच र आ र सिसि बाटो निर्माण कार्य ।
- पालिका स्तरीय गौरब का योजना (सित भण्डार ,प्रसासनिक भवन निर्माण ,सभाहल ,खेलकुद ग्राम ,औद्योगिक ग्राम ,१५ सैया अस्पताल ब्यवासाहिक भवन ,घिया ताल , बसपार्क ,सहिद पार्क आदि) हरुको निर्माण तथा निरन्तरता ।
- खेलकुद बिकास तर्फ चौर निर्माण ,प्यारापेट तथा ब्याटमिन्टन / भलिबल स्टेडीयम निर्माण कार्य ।
- सहिद स्मृति स्थल निर्माण तथा बिभिन्न पार्क ,ताल तलैया निर्माण ।
- झुलिंगे पुल निर्माण कार्य ।
- आयुर्बेद उपचार स्थल /भवन /योगा हल /खुसियाली घर /धार्मिक स्थल /समाधि स्थल निर्माण ,पुनरुत्थान तथा मर्मत कार्य ।

- जिर्ण घर तथा फुस का छाना प्रयोग गरि बनाएका मौलिक/परम्परागत घर हरुमा जस्ता पाता लगाई आम जनता हरुका जीवन स्तर सहज बनाउने कार्यमा १३० घर धुरीलाई जस्ता पाता लगाउने काम सम्पन्न भएको
- कृषि तथा पशुपन्छि बिकास शाखा अन्तर्गत बार्षिक कार्यक्रम भित्रका हाटबजार निर्माण कार्य , साना सिचाई परियोजना लिफ्ट सिचाई तथा गोदाम घर निर्माण तथा मर्मत कार्य हरु ।
- उज्यालो पालिका अन्तर्गत गाउबस्ति तथा बिकासउन्मुख सहर हरुलाई उज्यालो बनाउने प्रकिया मा पालिका मा आ.ब २०७९/८० मा मुख्य ८ स्थान हरुमा हाइमास्ट लाइट जडान तथा टोल बस्ति हरुमा बिधुत तारपोल बिस्तार को काम गरेकोमा यस आ.ब मा समेत सो कार्य लाई निरन्तरता दिदै पालिका को मुख्य एक स्थान मा हाइमास्ट लाइट जडान कार्य गरेको तथा बिधुत तारपोल बिस्तार ।

भौतिक पूर्वाधार कार्यक्रम कार्यान्वयनका समस्या तथा चुनौतिहरु :

- विकास निर्माणमा जनसहभागिता तथा जनश्रमदानको कमी
- गाउँपालिका भित्र आवश्यक रोजगारमूलक उद्योग, कलकारखाना नहुनुले युवाहरु पलायन हुदा भौतिक पूर्वाधार निर्माण योजनाहरुमा स्थानीय जनशक्तिको अभाव भई आवश्यक जनशक्ति जस्तै मिस्त्रि तथा मजदुरहरु आयात गर्नुपर्दा महंगो पर्न गएको ।
- खानेपानी तथा सार्वजानिक शौचालयहरुको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- अव्यवस्थित शहरीकरणको जोखीम
- बर्षेनी डुवान तथा कटानको समस्या, भू–खण्डित भैरहेको ।
- पालिका स्तरिय जनप्रतिनिधी तथा कर्मचारीहरुलाई तालिमको अभावले शून्य बेरुजु प्राप्त गर्ने लक्ष्यमा उल्लेखनीय अवरोध भएको ।

८. सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु :

सामाजिक परीक्षण कार्यक्रम अन्तर्गत दस्तावेजहरुको अध्ययन, स्थलगत अवलोकन तथा सर्वेक्षण, अन्तरवार्ता, अन्तरक्रिया, अभिमत संलकन, समूहगत छलफल, सार्वजनिक वहश, प्रारम्भिक प्रतिवेदन प्रस्तुति र छलफलबाट प्रस्तुत सबल पक्षहरु तपसिल अनुसार प्रस्तुत गरिएकोछ ।

सामाजिक परिक्षणको निश्कर्षको आधारमा सामाजिक संरचना र सेवा प्रवाह, आर्थिक तथा पूर्वाधार, शिक्षा, स्वास्थ्य तथा सामाजिक समावेशिता, कृषि तथा उत्पादनमुखी उद्यम/सीप विकास, समावेशिता, लैङ्गिक तथा सामाजिक संरक्षण र योजना, बजेट र अनुगमन लगायतका क्षेत्रमा सबल पक्षहरुलाई प्रस्तुत गरिएको छ ।

८.१ सामाजिक संरचना र सेवा प्रवाहका सबल पक्षहरु

- **सामाजिक संरचना र नेतृत्व सक्रियता** : खजुरा गाउँपालिकाले समुदायमा आधारित सेवा प्रवाह (कक्षा, व्यक्तिगत घटनादर्ता अभियान, लघुवित्त, कृषि तथा पशुपालन सघन कार्यक्रम) प्रभावकारी रुपमा सञ्चालन गरेको देखिन्छ ।
- **सामुदायिक सहभागिता** : बाल क्लब, युवा क्लब, किशोरी क्लब, महिला समुह लगायतका लक्षित वर्गका विभिन्न समुहहरु, सञ्जालहरु, स्थानीय संस्था, समुदायमा आधारित संघसंस्थाहरु, विद्यालय तथा समुदायहरुले सेवा प्रवाहमा सक्रिय सहभागिता जनाएको देखिन्छ ।
- **स्थानीय श्रोत परिचालन क्षमता** : स्थानीय सरकार र सरोकारवालाहरुको समन्वयमा जनशक्ति, आर्थिक श्रोत र पूर्वाधार परिचालन गरेर परियोजना सञ्चालन गर्न सफल भएको पाइन्छ । यसका साथै विभिन्न गैरसरकारी संस्था तथा दातृनिकायहरु संग समन्वय, सहकार्य तथा साझेदारी गर्दै लक्षित वर्गको सामाजिक, आर्थिक तथा नेतृत्व विकासमा योगदान पुराइरहेको देखिन्छ ।

८.२ आर्थिक तथा पूर्वाधार पक्षका सबल पक्षहरु :

- **वित्तीय पारदर्शिता र कार्यान्वयन** : विभिन्न कार्यक्रमहरुमा गरिएको खर्च (जस्तै कुल बजेट, खर्च प्रतिशत) तुलनात्मक रुपमा सन्तोषजनक देखिएको छ । धेरैजसो कार्यक्रमहरुमा ९५ प्रतिशत भन्दा बढी खर्च कार्यान्वयन भएको देखिन्छ ।
- **पूर्वाधार विकास** : विद्यालय, स्वास्थ्य संस्था, सिंचाई, सडक लगायतका पूर्वाधार विकास निर्माण तथा सुधारका कार्यहरु प्रभावकारी रुपमा अघि बढेको देखिन्छ ।
- **आयमूलक कार्यक्रमहरु** : कृषि, पशुपालन, सिलाईकटाई साना उद्यमी, सीप विकास तालिमहरु, व्यवसाय दर्ता, व्यवसायिक योजना आदी कार्यक्रमहरु बाट लक्षित वर्ग लगायत समुदायले प्रत्यक्ष रुपमा लाभ लिइरहेको देखिन्छ । सबै वडाका युवाहरुलाई समेटेर ७४ जनालाई हलुका सवारी चालक तालिम प्रदान गरिएको ।
- **वैदेशिक रोजगारी :** वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका व्यक्तिको घरपरिवारलाई आर्थिक क्षतिपूर्ति सन्दर्भमा ५ वटा निवेदन परेकोमा ३ जना र दुर्घटनामा परी अंगभंग भएका व्यक्तिलाई आर्थिक क्षतिपूर्ति अन्तरगत ३ निवेदन परेकोमा २ जनालाई क्षतिपुर्ति रकमा ट्रान्सफर भइसकेको । यसैगरी विभिन्न ८४ वटा वित्तिय साक्षरता तथा मनोसामाजिक कक्षा सत्र मार्फत १०२ जना महिलाहरु लाभान्वित भएका छन् ।

८.३ शिक्षा, स्वास्थ्य र सामाजिक समावेशिता :

- **विद्यालयस्तरमा सकारात्मक सुधार** : निशूल्क तथा अनिवार्य शिक्षा, शिक्षामा विद्यार्थीको पहुँच, बाल अधिकार संरक्षण, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन सेवा सुविधाहरु मा किशोरीहरुको सहज पहुँच, कमजोर शैक्षिक अवस्था तथा विद्यालय बाहिर हुन सक्ने जोखिम भएका विद्यार्थीहरुलाई अतिरिक्त कक्षा, छात्रवृत्तिको व्यवस्था तथा बालबालिकाको सक्रियता आदीले विद्यालय स्तरमा सकारात्मक सुधार भएको पाइन्छ ।
- **स्वास्थ्य सेवाको विस्तार** : सुशिल कोइराला प्रखर मेमोरियल अस्पताल, स्वास्थ्य संस्थाहरु तथा आर्युर्वेद संस्था आदी बाट नागरिकहरुले स्वास्थ्य, खोप तथा पोषण सम्बन्धी सेवासुविधाबाट प्रत्यक्ष लाभान्वित भएका पाइन्छ ।
- **बालबालिका, युवामैत्रि तथा महिला सशक्तिकरण कार्यक्रमहरु** : बालक्लब, युवा क्लब, नमुना युवा संसद तथा महिला सशक्तिकरणका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन भएका छन् ।

८.४ कृषि तथा उत्पादनमुखी उद्यम/सीप विकासका सबल पक्षहरु :

- **कृषि सुविधाहरु** : सींचाई पूर्वाधार विकास, मल वितरण, विउविजन वितार, माटो परिक्षण, तालिम, व्यवसायिक कृषिको लागि गैरसरकारी संघसंस्था संग सहकार्य आदीले स्थानीय कृषकहरुमा विभिन्न कृषि सेवासुविधाहरु उल्लेखनिय पहुँच देखिन्छ ।
- **पशुपालन तथा उद्यमशिलता** : पशुस्वास्थ्य, घाँसको विउविजन वितरण, पशुसेवाकेन्द्र लगायतका सेवाहरुमा स्थानीय पशुपालक किसानको प्रत्यक्ष पहुँच हुदा मासु उत्पादन तथा दुग्धउत्पादनमा उल्लेखनिय योगदान पुगेको छ ।
- **रोजगारीका अवसरहरु** : आयमुलक तथा स्वरोजगारमूलक सीप विकास तालिमहरु जस्तै सिलाईकटाई, रेफ्रिजेरेटर मर्मत तालिम आदीले स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गरेको छ ।

८.५ समावेशिता, लैङ्गिक तथा सामाजिक संरक्षण :

- **महिला तथा लक्षित वर्ग केन्द्रित कार्यक्रम** : बालबालिका, युवा, महिला, दलित, मुस्लिम तथा विभिन्न सिमान्तकृत समुदायको अर्थपुर्ण सहभागितामा विभिन्न कार्यक्रम र योजना तर्जूमा तथा कार्यक्रमहरुको अनुगमन गर्ने गरिएको छ ।
- **लैङ्गिक उत्तरदायि बजेट** : किशोरी सशक्तिकरण, मातृत्व सेवा, सुरक्षित घर, विद्यालयमा सेनिटरी प्याड आदी कार्यक्रम तथा सेवासुविधा लैङ्गिक समावेशिता प्रवर्द्धन गरेको छ ।

८.६ योजना, बजेट कार्यान्वयन तथा अनुगमन :

- **उपलब्ध श्रोतको अधिकतम उपयोग** : उपलब्ध बजेटको अधिकतम उचित सदुपयोग गर्दै परिणाममुखी गतिविधीहरु कार्यान्वयन गरिएको पाइन्छ ।
- **नियमित अनुगमन प्रणाली** : विभिन्न कार्यालायहरु जस्तै शाखाहरु, विद्यालयहरु आदीमा विद्युतीय हाजिरी, कोवोटुलबक्स, C-GAS, SUTRA लगायतका सफ्टवयेरहरुमार्फत नियमित अनुगमन तथा मुल्यांकन प्रणाली लागु गरिएको छ ।

– **सहभागितामूलक वार्षिक समिक्षा** : पालिकाको समग्र कार्यक्रमहरुको विषयगत शाखाहरुले आफ्नो आफ्नो कार्यक्षेत्रको प्रस्तुतीकरण गर्दे सम्बन्धीत सरोकारवाला, मिडिया तथा आम नागरिकहरुको उपस्थितीमा वार्षिक समिक्षा कार्यक्रम गरेका थिए ।

९. सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमि कमजोरीहरु :

सामाजिक परीक्षण कार्यक्रम अन्तर्गत दस्तावेजहरुको अध्ययन, स्थलगत अवलोकन तथा सर्वेक्षण, अन्तरवार्ता, अन्तरक्रिया, अभिमत संलकन, समूहगत छलफल, सार्वजनिक वहश, प्रारम्भिक प्रतिवेदन प्रस्तुति र छलफलको दौरान देखिएका चूनौति तथा कमीकमजोरीहरु तल बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

– गाउँपालिकाको वस्तुस्थिति विश्लेषण (प्रोफाइल) तथा रणनीतिक योजना नभएको ।
– नीतिगत तथा कानूनी व्यवस्थाहरुको तर्जूमा भएको भएतापनि पर्याप्त रुपमा हुन नसकेको, जस्तै लैससास नीति, बालकोष सञ्चालन नीति, रोजगार नीति, क्षेत्रगत विकास योजना, खानेपानी, स्वच्छता तथा सरसफाई आदी , युवा क्लब तथा नमुना संसद सञ्चालन कार्यविधी, स्थानीय योजना तर्जूमा युवा सहभागिता सम्बन्धी कार्यविधी आदी ।
– वार्षिक निती तथा कार्यक्रमले गाउँपालिकाका सवै वर्ग, समुदाय र क्षेत्रलाई अझैं पनि समेटन नसकेको ।
– गाउँपालिकाकाक्षेत्रमा रहेका अन्य संरचनाहरु पनि लैससास मैत्री हुन नसकेको ।
– गाउँपालिकाले विद्यार्थी भर्ना अभियान, निःशुल्क र गुणस्तरीय शिक्षालाई अभियानकै रुपमा अगाडी बढाएको भएतापनि सडक वालवालिका, संरक्षक नभएका वालवालिका, लागु औषधी दुर्व्यसनीका साथै मोवाईल आदिको प्रयोगले गाउँपालिका क्षेत्रमा अझैं पनि वालविवाहमा पूर्ण रुपमा रोकथाम हुन नसकेको ।
– गाउँपालिका क्षेत्रमा लागु औषधी दुर्व्यसनी बढदैजानु र यसलाई व्यवस्थापन गर्न चुनौतीकै रुपमा रहेको ।
– महिला, अल्पसंख्यक तथा दलित समुदायबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधीको क्षमता विकासमा खासै ध्यान नदिएको ।
– सामाजिक उपलब्धीलाई पुष्ट्याई गर्ने तथ्याङ्कीय आधार, अध्ययन र सर्वेक्षणमा कमी रहेको ।
– लक्षित वर्ग, समुदाय र सामाजिक क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने, खानेपानी तथा सरसफाईको क्षेत्रमा गाउँपालिकाको कार्यक्रम, लगानी र उपलब्धी कम भएको ।
– गाउँपालिकामा प्रयाप्त मात्रामा कर्मचारी अभाव रहेको ।
– लक्षित वर्गका विपन्न धरधुरी तथा परिवारलाई समेट्न नसकेको ।
– आर्थिक रुपमा सम्पन्न भएता पनि सामाजिक, साँस्कृति तथा मानविय रुपमा कमजोर वर्गको आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी लक्षित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन हुन नसकेको ।

१०. सामाजिक जिम्मेवारी पुरा गर्न गाउँपालिकाले चाल्नुपर्ने कदमहरु वा सुझावहरु :

सामाजिक परीक्षण कार्यक्रम अन्तर्गत दस्तावेजहरुको अध्ययन, स्थलगत अवलोकन तथा सर्वेक्षण, अन्तरवार्ता, अन्तरक्रिया, अभिमत संलकन, समूहगत छलफल, सार्वजनिक वहश, प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको आगामी दिनमा चाल्नु पर्ने कदम तथा आएका सुझावहरुलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

– गाउँपालिकाको वस्तुस्थिति विश्लेषण र रणनीतिक आवधिक योजना/क्षेत्रगत योजना तर्जूमा गरि योजनावद्ध ढंगले कार्यसम्पादन गर्नुपर्ने । दिगोविकासका लक्ष्यहरुको स्थानीयकरण गर्दै आधाररेखा तय गरि प्रगतिको विश्लेषणात्मक आधार तय गर्ने ।
– वार्षिक योजना (७ चरण योजना प्रक्रिया) प्रक्रियामा बालबालिका, किशोरकिशोरी, युवा, महिला, अपाङ्गता भएका नागरिक तथा सबैखाले लक्षित वर्गको सहभागितालाई अनिवार्य गर्ने । साथै लक्षित वर्गका क्लब, समुह तथा सञ्जालहरुलाई नेतृत्व विकास, सशक्तिकरण तथा स्थानीय योजना प्रक्रियाको विषयमा क्षमता अभिवृद्धि गर्ने ।
– आवश्यक नीतिगत तथा कानूनी व्यवस्थाहरु तर्जुमा गरि कार्यान्वयनमा लैजाने ।
– वडा स्तरमा समेत स्तनपान कक्ष निमार्ण गरिनु पर्ने र स्वास्थ्य संस्थाहरुको समेत सामाजिक परिक्षण गरिनुपर्ने ।
– सबै स्वास्थ्य संस्थाहरुमा नागरिक वडा पत्र राखिनु पर्ने ।
– स्थानीय समुदायलाई बढी आवश्यकपर्ने औषधीहरु खरिद गरी निःशुल्क वितरण गरिनुपर्ने ।

- योजना कार्यान्वयनमा महिलाहरुको सहभागिता कम भएकाले उपभोक्ता समिति, टोल विकास संस्था र अन्य विकासका योजना तथा कार्यक्रममा महिला सहभागीता बढाउनु पर्ने ।
- विद्यालयलाई बालमैत्री तथा समावेशी बनाउनका लागि नीतिगत तथा भौतिक पूर्वाधारका विकासमा जोड दिने । अभिभावक शिक्षालाई प्राथमिकताका साथ अघि बढाउने । विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको नेतृत्व विकास, सकारात्मक सोच आदी क्षेत्रमा क्षमता अभिवृद्धि गर्ने ।
- नागरिक वडा पत्रमा पशु सेवा शाखा, कृषि विकास शाखा लगायत अन्य विषयगत शाखाहरुबाट प्रदान गरिने सेवाहरु पनि संलग्न गराउनु पर्ने ।
- गाउँपालिका, विषयगत शाखा र वडा कार्यालयमा सुचना प्रणली व्यवस्थापन गर्नुपर्ने । साथै सबै शिक्षक, कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउने ।
- स्वास्थ्य कार्यक्रम अर्न्तगत प्रर्याप्त मात्रामा उपकरण र औषधीको व्यवस्था गर्नुपर्ने ।
- व्यवहार परिवर्तन र कुसंस्कारहरु हटाउन जनप्रतिनिधीहरुले अभियानात्मक कार्यक्रमहरु वडा स्तर तथा टोल स्तरमा सञ्चालन गरिनु पर्ने ।
- लक्षित वर्गको बजेट नियम अनुसार वितरण गर्नुपर्ने ।
- गाउँपालिकाले सबै वडा कार्यालयहरुमा नागरिक वडापत्र र उजुरी पेटिकाको समेत व्यवस्था गर्नुपर्ने ।
- गाउँपालिकाको आन्तरिक श्रोतमा वृद्धिका लागि योजना तर्जूमा गरी कार्यान्वयन गर्नुपर्ने ।
- गापावाट संचालित योजनाहरुको कार्यविधि अनुसार सार्वजनिक परिक्षण गरी प्रतिवेदन पेश गरे नगरेको प्रभावकारी अनुगमन गर्नुपर्ने ।

सामाजिक परीक्षकको नाम : शिवलाल पाण्डे

दस्तखत :

संस्थाको नामः उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke), कोहलपुर

अनुसूचीहरु

अनुसूची-५

(दफा १७ को उपदफा (३) सँग सम्बन्धित प्रतिवेदन)

(दफा १७ को उपदफा (३) सँग सम्बन्धित)

खजुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

खजुरा,बाँके

(लुम्बिनी प्रदेश, नेपाल)

१.परिचय :

खजुरा गाउँपालिका नेपालको पछिल्लो प्रशासनिक विभाजन अनुसार लुम्बिनी प्रदेशको बाँके जिल्लामा पर्दछ । उचाईमा विविधता नभएकोले भौगोलिक रुपमा अनुकूल यो गाउँपालिकामा समुन्द्र सतहबाट १३० मिटर देखी १६४ मि.को उचाई सम्मको मात्र विविधता रहेको छ । १०१.९१ वर्ग कि.मी. क्षेत्रफल रहेको यस खजुरा गाउँपालिकाको पूर्वमा कोहलपुर गाउँपालिका र जानकी गाउँपालिका, पश्चिममा बर्दिया जिल्ला, उत्तरमा बैजनाथ गाउँपालिका र दक्षिणमा भारत पर्दछ । तत्कालिन संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना बमोजिम गठित गाउँपालिका, गाउँपालिका तथा विशेष,संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पौष २२ मा पेश गरेको प्रतिवेदन अनुसार तत्कालिन संघिय मामिला स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३।११।२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३।११।२२ मा देहाय बमोजिम साविकका गा.वि.स.बागेश्वरी, सितापुर, राधापुर, उढरापुर, सोनपुर र रनीयापुर समेटेर ८ वटा वडाहरु कायम गरी यो गाउँपालिका निर्माण गरिएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल १०१।९१ वर्ग किलोमिटर रहेको छ । २०७८ को जनगनणा अनुसार खजुरा गाउँपालिकाको कुल जनसंख्या ६२७८९ रहेको छ जस मध्ये पुरुषको जनसंख्या २९५७९ र महिला जनसंख्या ३३२१० जना रहेको छ र जम्मा परिवार संख्या १३७०६ रहेको छ । यस गाउँपालिकाको मुख्य बजार खजुरा १ र खजुरा २ मानिन्छ । २०७८ को जनगणना अनुसार गाउँपालिका तर्फ सबैभन्दा बढी जनसंख्या हुँनेमा खजुरा गाउँपालिका तेस्रो स्थानमा रहेको छ ।

२. खजुरा गाउँपालिकाको लक्ष तथा प्राथमिकताहरु :

- सुशासन र पारदर्शितालाई अवलम्बन गर्दे दिगो विकासका अवधारणालाई प्राथमिकता दिईएको छ ।
- पालिकाको सामाजिक तथा आर्थिक रुपान्तरणका लागी स्वास्थ्य सबै नीतिहरुमा लागु गर्दे स्वावलम्बी प्रतिस्पर्धा र स्वस्थ खजुरेली नागरीक उत्पादनमा जोडदिने ।
- पालिकाको आर्थिक समृद्धि तथा गरिवी निवारणमा ठोस योगदान पुर्‍याउने ।
- खजुरेली जनताको जीवनस्तर, आम्दानी र रोजगारीले मुर्त रुप प्राप्त गर्ने ।
- महिला वालवालिका, मधेसी, मुस्लिम, दलित तथा अल्पसंख्यक पिछडिएका क्षेत्रको जीवनस्तरमा आमुल परिवर्तनका लागी प्रभावकारी बन्ने ।
- जैविक तथा वातावरणीय पक्षको संरक्षण तथा सम्बर्द्धन गर्न ।
- खजुराको विभिन्न भाषा कला संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्दे सामाजिक सदभावलाई मजबुत गराउने ।
- जनताको जिवनस्तर अभिवृद्धि गर्न उत्पादनशील तथा रोजगारमुलक क्षेत्रमा लगानीको वातावरणलाई ठोस रुप दिने ।
- खजुराका निर्माणाधीन गौरवका आयोजनाहरु (बहुउद्देश्य सभाहल, शीत भण्डार, औद्योगिक ग्राम, खेलकुद स्थापना, १५ शैयाको अस्पताल निर्माण) निरन्तरता दिइनुका साथै यस आ.व.देखी खजुरा २ मा शहिद स्मृति पार्क, खजुरा ३ मा बसपार्क, खजुरा ८ मा घिया ताल लाई पर्यटक स्थलको रुपमा विकास गर्नुका साथै पालिका स्तरीय ल्याण्डफिल साईटको निर्माण गरी फोहोर व्यवस्थापनको दिर्घकालीन समाधान गरिने छ ।
- आन्तरीक आय वृद्धिका लागी राजश्व र करको दायरा बढाउने सबै पेशा व्यवसायलाई पालिकामा दर्ता गर्न लगाईनेछ ।
- खजुरा गाउँपालिकालाई खजुरा गाउँपालिका निर्माण गर्न आवश्यक आधार तयार गर्ने ।
- जनतासँग अध्यक्ष कार्यक्रम बाट टोल टोल बस्तीमा गुनासो समस्या पहिचान तत्काल समाधान विकास निर्माणमा सहजीकरण, सिमान्तकृत व्यक्ति, विपदमा परेका तत्काल राहत आय आर्जनमा सहयोग जस्ता गतिविधी सञ्चालन गरिनेछ ।

क. लक्ष्यहरु : पाँच बर्षे लक्ष्य : **"हामी आफै बनाउँ हाम्रो खजुरा, आत्मनिर्भर र समृद्ध खजुरा"** भन्ने नारा अनुरुप आर्थिक, सामाजिक, सांस्कृतिक विकासका लक्ष्य लिई सार्वजनिक सेवा तथा वस्तुमा आमनागरिक, सेवाग्राही तथा लक्षित वर्ग र क्षेत्रको पहुँच र अवसरमा बृद्धि गरी नगरवासीको जीवनस्तरमा गुणात्मक बृद्धि गर्ने ।

३. प्राथमिकताहरु :

क. शिक्षा

- सामुदायिक तथा संस्थागत विद्यालय तथा शैक्षिक गुणस्तरलाई विकास गरी यस पालिकालाई शिक्षाको पहिलो रोजाईको शैक्षिक गन्तव्य बनाउन दिर्घकालीन योजना बनाई अगाडी बढीने छ र पठनपाठनलाई व्यवस्थि तगर्न शैक्षिक क्यालेन्डर निर्माण गरी सो अनुसार शैक्षिक योजना निर्माण गरिने छ ।
- आधारभूत तहको शिक्षालाई निशुल्क तथा अनिवार्य गराउन विद्यालय जाने उमेर पुगेका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय भर्ना गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुका लागी कक्षा १२ सम्मको शिक्षालाई निशुल्क गर्ने योजनाको थालनी गर्ने । आर्थिक बर्ष २०८०।०८१ का लागी निम्न आय भएको विपन्न, अल्पसंख्यक, द्वन्द्व पिडित, मुस्लिम, मधेसी, आदिवासी जनजातिका छोरीहरुलाई निशुल्क शिक्षा प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गर्ने साथै पोशाक र शैक्षिक सामग्री निशुल्क रुपमा उपलब्ध गराईनेछ ।
- गाउँपालिका भित्रका सामुदायिक क्याम्पसमा उच्च शिक्षा (स्नातक र स्नातकोत्तर तह) मा अध्ययन गर्ने अपागंता दलित, मुश्लीम, मधेसी, आदिवासी जनजातिका छोरीहरुलाई पनि निशुल्क शिक्षाको कार्यक्रम समावेश गर्ने । सामुदायिक क्याम्पसलाई दिईदै आएको अनुदानलाई निरन्तरता दिने ।
- अविभावक विहिन वालवालिकालाई पालिकाले अभिभावकत्व ग्रहण गर्दे १२ सम्म निशुल्क अध्ययन गराउन सामुदायिक विद्यालयमा आवास, स्वास्थ्य उपचार दिवा खाजा आदिको व्यवस्था मिलाईनेछ ।
- न्युनतम विद्यार्थी संख्या प्रति शिक्षक ४० भन्दा कम हुँने विद्यालयमा कार्यरत शिक्षकलाई STR बढी हुँने विद्यालयमा काजमा खटाईने नीति लिईनेछ । साथै आवश्यकताका आधारमा शिक्षक शिक्षिकालाई सरुवा व्यवस्थापन गरिनेछ ।
- संस्थागत विद्यालयलाई बर्गीकरण, शुल्क निर्धारण, न्युनतम मापदण्ड छात्रवृत्ती वितरणको लागी नियम बनाईनेछ ।
- गाउँपालिका स्तरीय शैक्षिक गुणस्तर सुधारका लागी स्थानीय शैक्षिक विज्ञहरु रहने गरी समिति बनाई उप समिति माफैत शैक्षिक कृयाकलाप गरिनेछ ।
- आवि र मावि स्तरका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा पढ्दै कमाउदै कार्यक्रमलाई अनिवार्य रुपमा लागु गर्न प्रोत्साहित गर्दे आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- लुम्बिनी प्राविधिक विश्वविद्यालयको स्थापनाका लागी आवश्यक सहयोग तथा समन्वय गरिनेछ ।
- जनता नमुना मा.वि.सन्तकुटी स्थित कृषि तथा वनविज्ञान अध्ययन संस्थानद्धारा संचालित प्राकृतिक स्रोत व्यवस्थापन कलेजको स्तरोन्नति तथा प्रभावकारी व्यवस्थापनका लागी आवश्यक सहयोग तथा समन्वय गरिनेछ ।
- शिक्षालाई सिपसँग सीपलाई श्रमसँग श्रमलाई रोजगारिसँग रोगगारिलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न विद्यार्थीलाई कक्षा कोठा बाटै व्यवसायिक ज्ञान र सिप प्रदान गर्न संघिय सरकारको कार्यक्रमलाई कार्यविधि तय गरि लागु गरिनेछ ।
- यस पालिकामा मधेसी बाहुल्य वडाहरु ५,६,७,८ का बस्तीहरुमा उपाध्यक्ष सित आमा बचाउ,छोरी हुर्काउ कार्यक्रम लागु गरी बालबालिकालाई शैक्षिक सहयोगका लागी बैंक खाता खोली एकमुष्ट रु.३००० बचत गर्ने कार्यक्रम लागु गरिनेछ ।

ख.युवा तथा खेलकुद :

- सबै खेलकुद खेलकुद विकास समितिबाट गर्ने र विकास समितिमा वडा स्तरीय क्लब अनिवार्य सुचिकृत गरी खेलकुद क्लबलाई सहयोग गरी खेलकुद विकास समितिको अनिवार्य सिफारिस संलग्न गर्ने ।
- खेलकुद प्रति रुचि बढाउन पालिका, अध्यक्ष कप, राष्ट्रपति रनिगंशिल्ड प्रतियोगिता खेलकुद कार्यक्रमहरु सञ्चालन गर्दे उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा सहभागी भई पदक (स्वर्ण रजत वा कास्य पदक) विजेतालाई उचित पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ ।
- स्थानीय क्लबहरुको सहभागीतामा लागु औषध धुम्रपान र मध्यपान विरुद्धको जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै आवश्यकताका आधारमा क्लब गठनको लागी प्रोत्साहन गरिनेछ ।
- वडा/पालिका युवा/बाल क्लब संजाल निर्माण गरी सृर्जनसिल/रचनात्मक बन्न संजाललाई सहयोग गरिनेछ । प्रत्येक वडामा एक खेल मैदान निर्माण गरिनेछ ।
- प्रत्येक वडामा ई लाईबेरि, पुस्तकालय, बाचनालय, इन्टरनेट फ्रि जोन स्थापना गरिनेछ साथै युवा क्लब गठन तथा युवा दिवशसका लागी बजेट व्यवस्थापन गरिनेछ ।
- युवा नेतृत्व विकासका लागी विभिन्न कृयाकलाप सञ्चालन गर्दे युवा परिचालन कार्यविधि २०७९ लाई पूर्ण रुपमा लागु गरिनेछ ।

ग.स्वास्थ्य :

- आमा सुरक्षा कार्यक्रम अन्तर्गत खजुराको केन्द्रमा CEOC सेन्टरको स्थापना गर्न बजेटको व्यवस्था गर्ने । स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाई विपन्न,दलित र असहाय परिवारलाई निशुल्क स्वास्थ्य विमाका लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ र बिशेष गरी छात्र छात्राहरुको १ महिनामा १ पटक स्वास्थ्य परिक्षण गरिनेछ ।
- जेष्ठ नागरीक र दिर्घरोगी (क्यान्सर,मृगौला,मुटु,सुगर,ब्लड प्रेशर तथा पक्षघातका) विरामीलाई औषधि उपलब्ध गराउनको लागी आवश्यक बजेटको व्यवस्था गरिने ।
- महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई थप उत्तरदायी तथा जिम्मेवार बनाउनुका साथै स्वास्थ्य आमा समुहलाई समेत प्रोत्साहन कार्यक्रम लागु गरिने छ र ३ जना जनशक्तिको पारिश्रमिक पालिकाबाट उपलब्ध गराउने । सुसिल कोईराला क्यान्सर अस्पतालमा रेडक्रस सँग सहकार्य गरी ब्लड बैंक स्थापना गर्ने
- महामारीका रुपमा आउन सक्ने विभिन्न सरुवा रोगहरुलाई समयमा नै नियन्त्रण तथा रोकथाम गर्न उचित बजेटको व्यवस्थापन गरिनेछ ।
- खजुरा गाउँपालिका स्वास्थ्य संस्था तथा बजार बाट निस्कने फोहर मैलालाई उचित व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- उपाध्यक्षसँग गर्भवती महिलालाई थप राहत पुर्याउने गरिब, विपन्न परिवारका गर्भवती महिलालाई क्यालसिएम चक्की वितरण कार्यक्रम लागु गरिनेछ । उपाध्यक्षसँग कोसेली वितरण कार्यक्रम विपन्न महिला सुतकेरी आमाहरुका लागी लागु गरिनेछ ।
- आयुर्वेद सेवालाई विस्ता गर्दे नागरीक आरोग्य सेवाकेन्द्रबाट आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने तथा समुदायमा आयुर्वेद सेवाको जनचेतना फैलाई स्वस्थ जिवन जिउने पद्धतिको विकास गर्न नागरीक आरोग्य केन्द्रलाई सक्षम बनाईनेछ । आयुर्वेदका विभिन्न आयामहरुलाई समुदाय स्तरसम्म सेवा प्रवाहको व्यवस्था मिलाईनेछ ।

- मेरो स्वास्थ्य मेरो जिम्मेवारी,योग,स्वस्थ जिवनशैली जस्ता कार्यक्रमहरुलाई जनचेतनामूलक सन्देश प्रवाह गर्नुको साथै आम नागरीकलाई शारिरिक,मानसिक र आध्यात्मिक रुपमा स्वस्थ एवं सबल बनाई विश्वव्यापी रुपमा फैलिदै गएको नसर्ने प्रकोपलाई नागरीक आरोग्य कार्यक्रम मार्फत न्यूनिकरण गरिनेछ ।
- पालिका अन्तर्गत प्रत्येक वडाका महिलाहरुलाई लक्षित गरी बर्षको १ पटक स्त्रीरोग विशेषज्ञ डाक्टर बाट निशुल्क महिला स्वास्थ्य शिविरको व्यवस्थाका लागी आवश्यक बजेटको विनियोजन गरिनेछ । स्वस्थ शिशु उज्जल भविष्य कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- महिला तथा वालवालिकाहरुको उचित पोषण स्वास्थ्य र शिक्षाको व्यवस्था कसरी गर्ने भन्ने विषयमा एक बर्ष भित्र बृहत कार्ययोजना बनाई लागु गरिनेछ । निशुल्क स्वास्थ्य सेवालाई भरपर्दो र विश्वसनीय बनाउन आम स्वास्थ्य कर्मिको राय सुझाव अनुसार स्वास्थ्य सेवालाई सबल, सक्षम, प्रभावकारी बनाउन नितिगत र व्यवस्थापकीय सुधार गरिनेछ ।
- जेष्ठ नागरीकसँग अध्यक्ष कार्यक्रमलाई थप प्रभावकारी बनाउदै अशक्त तथा जेष्ठ नागरीकलाई घर दैलोमै स्वास्थ्य सेवा प्रदान गर्न थप जनशक्तिको व्यवस्था गरिनेछ । स्वास्थ्य कल सेन्टर स्थापना गरी विरामीहरुलाई टेलिफोनबाट परामर्श दिईनेछ ।
- सुशिल कोईराला प्रखर क्यान्सर अस्पतालमा क्यान्सर पिडित विरामीहरुले उपचार गराए वापत स्थानीयहरुलाई सहयोग स्वरुप रकम उपलब्ध गराईनेछ ।

घ. भौतिक पूर्वाधार :

- यस खजुरा गाउँपालिकालाई गाउँपालिका घोषणाका लागी आवश्यक भौतिक पूर्वाधार निर्माण गरी यही कार्यकालको अन्तसम्म गाउँपालिकामा घोषणाका लागी पहल गरिनेछ ।
- पालिका स्तरीय भौतिक पूर्वाधार निर्माण कार्यमा बालमैत्री, अपागं मैत्री पूर्वाधार निर्माणको नीति लिईनुका साथै नियमित भईरहेका संरचनाहरुको मर्मत र वन्न बाकी रहेका भौतिक पूर्वाधारहरुको क्रमश स्तरोन्नती गर्दै लगिनेछ । अधुरा योजनाहरुलाई पूर्णता दिन आवश्यक बजेटको विनियोजन गरिनेछ ।
- पालिका स्तरीय सडक गुरु योजना अनुसार निर्माणका लागी आवश्यकताको पहिचान गरी बजेट बिनियोजन गरिनेछ । विद्युत लाईन प्रसारणका लागी विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरी विद्युत तार, पोल खरीद र सडक बत्तीको लागी बजेटको व्यवस्था गरिनेछ ।
- बजार र आवश्यक स्थानमा सार्वजनिक शौचालय निर्माणका लागी आवश्यक बजेटको व्यवस्था गरिने छ । मर्मत सम्भार कोषबाट आवश्यकता अनुसार साना तिना मर्मत कार्यलाई निरन्तरता दिईनेछ ।
- भवन आचार संहिताको अधिनमा रही मापदण्ड अनुसारको नक्सा बनाई घर बनाउन प्रोत्साहन गरिनेछ ।
- एक वडा एक गौरवको योजना, पालिकाको गौरवको योजना छनौट गरी सञ्चालन गरिनेछ ।
- राष्ट्रिय योगदान पुऱ्याएका प्रथम शहिद लखन थापा लगायतका शहिदहरुको सालिक निर्माण गर्दे जाने नीति लिईनेछ ।
- विपन्नका लागी आवास योजना कार्यक्रमका लागी आवश्यक बजेट विनियोजन गरिनुका साथै फुसको छाना विस्तापित गरी सुरक्षित आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नक्सामा बाटो रहेको तर फिल्डमा नरहेको स्थानहरुको पहिचान गरी तत्काल बाटोको ट्र्याक खोल्न बजेटको व्यवस्था गरिनेछ । यसैगरी चलन चल्तीमा बाटो रहेको नक्सामा बाटो नरहेको बाटाहरुलाई नक्सा कायमका लागी नापी कार्यालय सँग सहकार्य गरिनेछ ।
- यस पालिका भित्र व्यवस्थित वसपार्क, बजार ढल निकास गुरु योजना निर्माणका लागी आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

- मानखोला लगायत अन्य स्थानमा झोलुगे पुल निर्माणको योजनाहरु अगाडी बढाईनेछ । समग्र खजुराको विकासका लागी मुल सडकबाट वडा कार्यालय जोड्ने, वडाबाट पालिका जोड्ने सडकहरु क्रमश कालोपत्रे गर्दे लगिनेछ ।
- विकास निर्माणका कामलाई तिव्रता दिन र पालिकालाई सबल तुल्याउन भ्याकु, लोडर, सेफ्टी टयांकर, पानी ट्यांकर,रोलर तथा अन्य आवश्यक उपकरण सामाग्रीहरु खरीद गर्न बजेटको व्यवस्था गरिनेछ ।

ङ. कृषि :

- प्रत्येक वडामा कृषि उत्पादनलाई जोड दिन कृषि प्राविधिकको व्यवस्था गर्ने र युवा कृषकका लागी कृषि पेशामा आवद्ध गर्नलाई १ वडा १ पकेट क्षेत्र कार्यक्रमलाई विस्तार गर्ने ।
- व्यवसायिक खेती गर्न किसानलाई मल, बिउ खरीद गर्न गाउँपालिकाबाट आवश्यक सुविधा उपलब्ध गराउने व्यवस्था गर्ने साथै अर्गानिक खेती जडीबुटी खेती गर्ने किसानलाई प्रोत्साहन गर्ने ।
- कृषि उपज न्यूनतम समर्थन मुल्य निर्धारण समिति बनाई कृषि उपजमा मुल्य तोकिनुका साथै बजारिकरणका लागी सहजीकरण गर्ने । सिचाईका लागी दिर्घकालीन गुरुयोजना बनाई पालिका भर लागु गर्ने ।
- पालिकालाई कृषि तथा पशुपंक्षिजन्य उत्पादनमा आत्मनिर्भर बनाउन जोड दिईनेछ । कृषि क्षेत्रलाई प्रतिस्पर्धी र उत्पादनमुखी बनाउन सिचाई कृषि सडक, ग्रामिण विद्युतिकरण, हाट बजार, थोक बजार, कृषि उपज संकलन केन्द्र, प्रसोधन केन्द्र जस्ता पूर्वाधारहरुको निर्माण तथा सम्बर्द्धन गर्ने निति लिईने छ ।
- कृषक पाठशालाको अवधारणालाई अगाडि बढाउने नीति अवलम्बन गर्नुका साथै तरकारी फलफुल, दुध, अन्डा, माछा मासु उत्पादनको आधारमा अनुदान उपलब्ध गराउने नीति लिईनेछ ।
- पालिकाको रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार युवाहरु मध्येबाट प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत श्रम सहकारीमा आवद्ध हुने गरी कम्तीमा ३०० कृषि स्वयम् सेवक तयार गरी कृषि उत्पादन तथा उद्यमी कार्यक्रम सञ्चालन गर्न कार्यविधि तय गरी लागु गरिनेछ ।
- किसानलाई आवश्यक पर्ने सहुलियत कृषि कर्जा किसानको घर दैलोमा सरल र सहज रुपमा उपलब्ध गराउन बैंक वित्तिय संस्थाहरुसँग समन्वय गरी उपलब्ध गराउन पहल गरिनेछ ।

ङ. पशुसेवा :

- व्यवस्थित मासु पसल सञ्चालनका लागी मासु व्यवसायीलाई प्रोत्साहन गर्ने ।व्यवसायिक पशुपंक्षि पालकलाई आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माणमा प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- पशुपालक कृषकलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन प्रत्येक वडामा एक एक प्राविधिकका साथै घाँस उत्पादनका लागी पकेट क्षेत्रहरु विकास गरिनेछ ।
- पशुनश्ल सुधारका लागी भैरहेको निशुल्क कृतिम गर्भाधारण सेवालाई निरन्तरता दिईनेछ । कृषकहरुले उत्पादित दुध व्यवस्थित रुपमा संकलन र बजारिकरणका लागी समूह, व्यक्तिहरुलाई अनुदानमा क्यान डि फ्रिज वितरण गरिनेछ, निस्यान केन्द्र स्थापनाका लागी अनुदानको व्यवस्था गरिनेछ र उत्पादनमा अनुदान दिने नीतिलाई जोड दिईनेछ ।
- छाडा पशु व्यवस्थापनमा युवाहरुलाई आवद्ध गराउदै व्यवस्थित गौशाला निर्माण गरी कृषि तथा पशु तालिम केन्द्र अर्गानिक उत्पादन केन्द्र निर्माण गरिनेछ ।
- पशु कल सेन्टर स्थापना गरी किसानहरुलाई टेलिफोन बाटै प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।पशु सुतकेरी भत्तालाई निरन्तरता दिईनेछ । बाखा,गाई,भैसी पालन पकेट क्षेत्र स्थापनाका लागी विशेष बजेट व्यवस्था गरिनेछ ।
- उन्नत जातका पशु (खसी, बोका, पाठापाठी र बंगर) वितरणका लागी खरीद गर्दा स्थानीय उत्पादनलाई पहिलो प्राथमिकता दिईनेछ ।

च. सार्वजनिक सेवा प्रवाह सुशासन तथा संस्थागत विकास :

- पालिकाको डिजिटल प्रोफाईल तयार गरी सेवा प्रवाहलाई विद्युतिय सेवासँग आवद्ध गरी यस गाउँपालिका लाई डिजिटल खजुरा बनाउन बजेट व्यवस्थापन गरिनेछ ।
- हरेक महिना भए गरेका काम आर्थिक विवरण पालिका र वडाबाट अनिवार्य सार्वजनिक गरिनेछ ।
- सार्वजनिक जवाफ देहिता, पारदर्शिता र जनउत्तरदायित्व प्रबर्द्धन गर्नका लागी सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, हेल्पडेस्क, नागरिक भेला, सामाजिक परिक्षण नागरीक सेवा सन्तुष्टि मापन जस्ता सुशासन संयन्त्रको प्रयो गरिनेछ ।
- पालिका, वडाले गरेका हरेक निर्णयलाई ३ दिन भित्र सार्वजनिक गर्ने परिपाटीको विकास गरिनेछ ।
- सार्वजनिक खरीद योजना बनाई सार्वजनिक खरीद प्रक्रियालाई पूर्ण पारदर्शि बनाईनेछ ।
- कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था गरी सेवा प्रवाहमा नविनतम अवधारणालाई आत्मसाथ गरिनेछ ।
- गुनासो व्यवस्थापन, सुचनाको हक कार्यान्वयनको लागी आवश्यक व्यवस्था मिलाईनेछ ।
- पालिका वासीलाई आधारभूत सेवा सुविधा सहजता पूर्वक प्रदान गर्न सेवा प्रवाहलाई प्रभावकारी बनाउन नतिजामा आधारित कार्य सम्पादन प्रणाली तथा संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । कर्मचारीहरुको क्षमता वृद्धि गर्न, मनोबल उच्च राख्न र कार्य सम्पादनलाई व्यवस्थित गर्नका लागी तालिम, प्रशिक्षण, कार्यसुरक्षा, प्रोत्साहन भत्ता तथा कार्य सम्पादनमा आधारित पुरस्कारको व्यवस्था गरिनेछ ।
- जनताको गुनासो व्यवस्थापनको लागी गाउँपालिका अध्यक्षको संयोजक्तवमा र वडा कार्यालयमा वडा अध्यक्षको संयोजकत्वमा गुनासो व्यवस्थापन समिति गठन गरी गुनासोको सुनुवाईका लागी सहकार्य गरिनेछ । पालिका वासीहरुको राय सुझाव संकलन गर्न, गुनासो व्यवस्थापन र जवाफदेहिता वहन गर्नका लागी हरेक वडा र गाउँपालिका तथा गुनासो पेटिकाको व्यवस्था गरिनुका साथै हरेक महिनाको १ दिनलाई जनतासँग स्थानीय सरकार कार्यक्रम सञ्चालन गरिनेछ । साथै जनताका हरेका गुनासो सुनुवाई गर्न जनताका सुख दुखमा साथ दिन जनताका जनप्रतिनिधि जनता कै घरदैलोमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- पालिका क्षेत्रमा सुरक्षा प्रत्याभूतिका लागी सम्वेनशील क्षेत्रमा सि.सि.टि.भी.जडान गरी सुरक्षा निकायको सहयोमा नियमित गस्तीको लागी सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।
- स्थानीय तह सञ्चालनका लागी आवश्यक पर्ने थप नीति, आवधिक योजना तथा गुरु योजना र कानुनको तजूमा गरी गाउँपालिकाको कार्यलाई थप व्यवस्थित बनाईनेछ ।
- अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, र प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुखसँग कार्य सम्पादन सम्झौता गरी नतिजामा आधारित रही दण्ड पुरस्कारको व्यवस्था गरिनेछ ।
- अभिलेखका आधारमा सहिद परिवार वेपत्ता परिवार घाईते परिवार द्वन्द्व पिडित परिवार विपन्न गरीब परिवारलाई पालिकाबाट प्रदान गरिने सेवा सुविधालाई विशेष प्राथमिकता दिन नागरिक परिचय पत्र उपलब्ध गराईनेछ ।
- पालिका भित्र भए गरेका कामहरुको प्रगति विवरण प्रकासमा ल्याउन अर्ध बार्षिक रुपमा पालिका बुलेटिन र बार्षिक रुपमा पालिका स्मारीका प्रकाशित गरिनेछ ।

छ. राजश्व र वित्तिय व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम :

- कर प्रणालीलाई स्वच्छ र पारदर्शि बनाउदै स्वेच्छिक कर बुझाउने परिपाटीको विकास गर्न सबै व्यवसायीहरुलाई चालु आ.व.भित्र दर्ताका लागी विशेष पहला गरिने छ ।
- गाउँपालिक बाहिर दर्ता भएका तर गाउँपालिका क्षेत्रभित्र काम गर्ने राष्ट्रिय अन्तराष्ट्रिय ग्रैह सरकारी संघ सहकारी निर्माण व्यवसायी सप्लायर्सहरुलाई सुचिकृत गराई करको दायरामा ल्याईनेछ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका साना व्यवसाय, व्यवसायिक, कृषि तथा पशुपंक्षी लघु उद्योगलाई सुचिकृत गरी करको दायरामा ल्याईनेछ ।

- प्रगतिशील करको अवधारणालाई अगाडि बढाई बढी कर तिर्ने लाई सम्मान तथा पुरस्कृत गरिनेछ । करका दरहरुलाई निश्चित विन्दुमा राखी दायरा विस्तार गर्दे अगाडि बढिनेछ ।
- वन पैदावार, कृषिजन्य, उत्पादन, पशुजन्य उत्पादनको निकासी पैठारीलाई करको दायरामा ल्याईनेछ । सम्पूण क्षेत्रलाई सुचिकृत गर्न तथा करको दायरामा ल्याउन आवश्यक नीति तय गरी छुट दिईनेछ ।

ज. संस्कृति तथा पर्यटन :

- खजुरा प्रज्ञा प्रतिष्ठान मार्फत सबै जातजातिको भाषा, साहित्य, कला र संस्कृति, मेला जात्राको संरक्षणमा जोड दिन आवश्यक व्यवस्था गरिनेछ ।
- सबै जात जाति र धर्म प्रति आस्था राख्नेहरुको धार्मिक स्थलको निर्माण व्यवस्थापन र सञ्चालनका लागी आवश्यक सहयोग उपलब्ध गराईनेछ ।
- विभिन्न धर्म र जात जातिले आफ्नो धर्म संस्कृति अनुसारको संस्कार गर्नमा प्रोत्साहन गरिनेछ । सबैको कला संस्कृति र परम्परा झल्काउने भेषभूषा, बाजागाजा र धार्मिक ग्रन्थहरु समेत एक थलोमा देख्न सकिने गरी गाउँपालिकामा एक कला संग्रहालयको निर्माण गरिनेछ ।
- पालिका स्तरीय पर्यटन विकास बोर्डको स्थापना गर्न आवश्यक व्यवस्था गरिने छ । पर्यटकहरुलाई खजुरामा आकर्षित गर्न विभिन्न ठाउँहरुमा अवलोकन योग्य स्थानहरु र पालिका अन्तर्गत संचालित होमस्टे लगायतका स्थानहरुमा पर्यटकहरुको आकर्षण बढाउने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- घियाको कान्तिपुर स्थित चिया ताल, तालललाई स्तरोन्नति गर्दे पर्यटकिय स्थलको रुपमा विकास गरिनेछ । मुक्त कमैया समाजलाई थारु होमस्टे बनाउन सहयोग गर्ने ।
- बैजनाथ गाउँपालिकाको सिमानाबाट मनखोलाको तिरैतिर, भारतको सिमाना सम्म रिगंरोडको अवधारणाका साथै मानखोलामा तटबन्धन सँगै पर्यटकीय उद्यान निर्माणका लागी दिर्घकालीन योजना बनाउन आवश्यक समन्वय तथा पहल गरिनेछ । लक्ष्मीनारायण धाम निर्माण गरी धार्मिक पर्यटकीय स्थल निर्माण गरिनेछ ।
- लोपोन्मुख कला र सिपको संरक्षणमा जोड दिने साथै परम्परागत मेला जात्रा इदगाहको आधुनिकिरण र व्यवस्थापनमा जोड दिइनेछ ।परम्परागत सिपको संरक्षण गरी आय आर्जनसँग आवद्ध गराईने छ ।

झ. खानेपानी तथा सरसफाई :

- खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत पानीको गुणस्तर चेकजाच तथा पानी शुद्धिकरण गर्ने कार्यक्रम अगाडि बढाउनुका साथै संघिय खानेपानी तथा ढल निकास योजना अर्न्गत खजुरा खानेपानी आयोजनालाई पुन निर्माण र विस्तार गर्न सहकार्य गर्ने ।
- प्रदेश खानेपानी तथा ढलनिकास निर्माणाधिन आयोजनाहरुलाई छिटो छरितो कार्यान्वयनको लागी अगाडि बढाउन पहल गरिनेछ ।
- आर्सेनिक युक्त पानी भएको र सतहमुनि पानी नभएको कारण खानेपानीको समस्या झेलीरहेका वस्तीहरुको पहिचान रि तत्काल खानेपानीको समस्या समाधान गर्न बजेटको व्यवस्था गरिनेछ ।
- सबै वडाहरुमा ओभरहेड खानेपानी टंकी निर्माण गरी सहज रुपमा पिउने पानीको व्यवस्थाका लागी संघ, प्रदेश सरकारको लगानी सुनिश्चित गरी कार्यक्रम सञ्चालन गरिनेछ । खानेपानीको पाईपलाईन विस्तार गर्न पालिका स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।
- एक घर एक धारा अभियान सञ्चालन गर्दे खानेपानी स्रोत नभएका परिवारलाई धारा (नल्का) उपलब्ध गराइनेछ ।
- फोहोरलाई मोहरमा रुपान्तरणका लागी फोहर संकलन देखी नै अलग अलग गरि निजि क्षेत्रको सहकार्यमा आय आर्जन हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- फोहर व्यवस्थापनको लागी व्यवस्थित ल्यान्ड फिल्ड साइडको निर्माण गरिनेछ ।
- पानीको स्रोतको संरक्षण र सम्बर्द्धन गरी स्थानीय बासीलाई स्वच्छ खानेपानीको व्यवस्था मिलाईनेछ ।

- सबै स्वास्थ्य संस्थामा हुँने फोहोरलाई व्यवस्थापन गर्न विशेष व्यवस्था मिलाईनेछ । प्रत्येक घरमा फोहोर मैलाको वर्गिकरण गरी कम्पोष्ट मल बनाउने तालिम सञ्चालन गरिनेछ ।
- अन्यन्तै भिडभाड हुँने स्थानहरुमा साझेदार संस्थाहरुको सहयोगमा यात्रु तथा वटुवाहरुका लागी सार्वजनिक पिउने पानीको व्यवस्था मिलाईनेछ ।

ञ. वन वातावरण तथा विपद् व्यवस्थापन :

- उद्योग तथा कल कारखाना सञ्चालन गर्दा वातावरणीय पक्षलाई पालना गरिएको नगरिएको अनुगमन गर्ने विषेश ध्यान दिईनेछ ।
- सामुदायिक वनलाई संरक्षण गर्दे त्यस्ता वनमा जडीबुटी खेतीका लागी सहकार्य गरिनेछ ।
- विपद् व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरिनेछ । विपद् व्यवस्थापन कोषमा यस पटक पनि पर्याप्त रकम विनियोजन गरी सम्भाव्य विपत्ति र विपत पश्चात हुने क्षति न्यूनिकरण र राहत तथा पुनस्थापना कार्यलाई प्रभावकारी ढंगले निरन्तरता दिईनेछ ।
- वातावरवण संरक्षण गर्न सड्क छेउछाउमा वृक्षारोपण गरिनेछ । वृक्षारोपण तटबन्ध र अन्य तरिकाबाट भूक्षय नियन्त्रण गरि कृषियोग्य जमिन र बसोबास क्षेत्रको संरक्षण गर्न कार्यक्रम तय गरी लागु गरिनेछ ।
- प्रदेशसँगको सहकार्यमा नीजि तथा सामुदायिक वन प्रबर्द्धन र विकासका लागी वृक्षारोपण गर्न आवश्यक कार्यक्रम लागु गरिनेछ । एक वडा एक नर्सरी स्थापना गरी वोटविरुवा, फलफुलका विरुवा उत्पादन गरी वितरणको व्यवस्था गरिनेछ ।
- विपद् न्युनिकरणका लागी स्थानिय विपद् व्यवस्थापन केन्द्रलाई सबल सक्षम तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गरि विपद पूर्व, विपदजादा, विपदपछिको सचेतना राहत, उद्धार पुर्न लाभ कार्यक्रम सञ्चालन गरिनेछ । विपद् सम्बन्धी पूर्व सुचना,विपद् जादै गर्दाका सुचना खजुरा गाउँपालिकाको वेबसाईटमा राखी जनतालाई जानकारी गराईनेछ ।
- प्रस्तावित भू-उपयोग नीति अनुसार भूमिको बर्गिकरण गरी भवन आचारसंहितालाई पूर्ण लागु गर्दे बढ्दो खण्डीकरण, पलटीगंलाई नरुत्साहित गर्दे खेती योग्य जमिनको संरक्षण गरिनेछ । विपद्बाट उच्च जोखिममा रहेका वस्तीहरुलाई रुपान्तरण गर्ने नीति लिईनेछ ।
- आगलागी, हावाहुरी, सडक दुर्घटना न्युनिकरणका लागी विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुबाट प्राप्त हुँने राहत सहयोग तथा कार्यक्रमलाई एकद्धार प्रणालीबाट सञ्चालन गर्न सहजीकरण गरिनेछ ।

ट. उद्योग व्यापार,घरेलु तथा साना उद्योगका सम्बन्धमा :

- टोल टोलमा घरेलु तथा साना कुटी, उद्योग सञ्चालनका लागी बजेटको व्यवस्था गरी साना तथा परम्परागत सिपमा आधारित घरेलु उद्योग सञ्चालनका लागी प्रोत्साहन गरिनेछ । स्थानीय स्तरमा उत्पादित सामानहरुको बजारिकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेटको व्यवस्था गरिनेछ ।
- विदेशबाट फर्किएका युवाहरुमा रहेको सिपको विवरण रोजगार सुचना केन्द्रमा अद्यावधिक गरि जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुँने निर्माण सेवा, व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्र तथा रोजगारदाताहरुसँग समन्वय गरी रोजगार प्रदान गर्न सहजीकरण गर्ने व्यवस्था मिलाईनेछ ।
- सहकारीलाई गाउँपालिकाको समग्र अर्थतन्त्रमा आर्थिक वृद्धिको अंशको रुपमा लिई सक्षम बनाईनेछ । गाउँपालिकामा रहेका सहकारीहरु लाई बैज्ञानिक तथा समय सापेक्ष रुपमा अगाडि बढाउनका लागी गा.पा.मा सहकारी विकास समितिको गठन गरिनेछ ।
- संघीय सरकारले तय गरेको मुलुकको विकास र समृद्धि विशेष अभियान दशक २०७९ देखि २०८९ अर्न्तगत आफ्नो विशेष उत्पादनको लागी आवश्यक बजेट विनियोजन गरिनेछ ।

- पालिका भित्र स्वेदेशी बस्तुको उत्पादन प्रयोग गर्न निजि क्षेत्रले सञ्चालन गरेका मेक इन नेपाल तथा मेड इन नेपाल जस्ता अभियानलाई स्थानीय स्तरका वस्तुको उत्पादन र बजारीकरणमा सहयोग गर्ने कार्यक्रम लागु गरिनेछ ।
- संघिय सरकारको युवा उद्यमशिलता विकास र नव प्रवर्तन प्रवर्तन गर्ने कार्यक्रम बनाई लागु गर्न स्टार्ट अप व्यवसायमा सुरुवाती पुजि उपलब्ध गराउन पालिकाबाट ऋणको विमा गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।
- अति विपन्न र सिमान्तकृत वर्गका लागी नीजि क्षेत्रसँग समन्वय गरी कार्य स्थालमा आधारित रोजगारी श्रृजना गर्ने कार्यक्रमका लागी आवश्यक बजेट विनियोजन गरिनेछ ।
- संघिय सरकारको एक घरपरिवार एक रोजगार, एक वस्ती एक आर्थिक पहिचान, एक वडा एक बजारको अवधारण कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।
- स्थानीय उद्योगी र व्यवसायीहरु सँग सहकार्य गरि पालिकामा उद्योग धन्दाका लागी निर्माणाधिन औद्योगिक ग्रामको पूर्णता गरी लगानी वातावरणका लागी लगानी सम्मेलनको आयोजना गरिनेछ । उद्योग स्थापनाका लागी आवश्यक अनुकुल वातावरण तयार गरिनेछ ।
- परम्परागत शिल्प कलाको संरक्षण र प्रोत्साहन गरि घरेलु,साना उद्योग, स्थानीय उत्पादनको प्रशोधन,बजारिकरण गर्न चाहने व्यक्ति समूह सहकारीलाई अनुदान र प्राविधिक सहयोग गरिनेछ ।
- पालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, कलकारखानाहरुलाई बढावा दिदै थप उद्योग कलकारखाना सञ्चालनमा ल्याउन उद्योगी र लगानीकर्ताहरुलाई ई प्रोत्साहन गरिनेछ । सञ्चालनमा रहेका उद्योग, फर्म तथा पसलहरुको दर्ता नविकरण, नियमित अनुगमन तथा सुपरिवेक्षण गरिने छ ।
- खजुरा गाउँपालिका क्षेत्रमा कम्तिमा २०० जनालाई प्रत्यक्ष रोजगारी दिने खालका उद्योग स्थापना गर्न चाहेमा आवश्यक सहयोग सहजीकरण गर्ने र ५ बर्षसम्म कुनै कर नलिने निति अवलम्बन गरिनेछ ।

ठ. सहकारी :

- पालिका स्तरमा कृयाशिल सहकारीको एक संजाल निर्माण गरिनेछ ।
- स्थानीय आर्थिक क्रियाकलाप सञ्चालनका लागी सार्वजनिक, नीजि र सहकारी तीन खम्बे अर्थ नीति अवलम्बन गरिनेछ ।
- सहकारी संघ संस्थाको क्षमता अभिवृद्धिको लागी सहकारी शिक्षा, नेतृत्व विकास र व्यवस्थापन तालिम सञ्चालन गरिनेछ । एक वडा एक विषयगत सहकारी संस्था कार्यक्रम सञ्चालनका लागी प्रकृया अगाडि बढाईनेछ ।
- पालिका स्तरीय सहकारी बोर्डको गठन गर्न नीतिगत व्यवस्था गरिनेछ साथै सहकारी संस्थाहरुको अनुगमन र मूल्यांकनलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- उत्पादनमा आधारित सहकारी संस्थाहरुको प्रवर्द्धनगरिने छ साथै सार्वजनिक, निजी र सहकारी साझेदार सम्भावनाका क्षेत्रहरु पहिचान गरिनेछ ।
- सबै सहकारी संस्थाहरुको एकीकरण कार्यमा जोड दिईनेछ साथै आवश्यक ऐन नियमहरुको तर्जुमा गरिनेछ
- सहकारी सम्बन्धी एकीकृत आधारभूत तथ्यांक तयार गर्न तथा नियमन लाई प्रभावकारी बनाउन प्रविधिको प्रयोगमा जोड दिईनेछ ।
- गरिव, विपन्न, शैक्षिक वेरोजगार र रोजगार गुमाएका युवाहरुलाई सहकारी संस्था मार्फत कर्जा प्राप्त गरी साना तथा घरेलु उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ । कृषक तथा उद्यमीहरुले उत्पादन गरेको सामाग्रीहरुलाई सहकारीहरु मार्फत बजारीकरण गर्नका लागी आवश्यक सहयोग उपलब्ध गराईने ।
- वडाहरुमा उत्पादित कृषि वस्तुहरु खरिद गर्न गाउँपालिकामा क्रियाशिल सहकारीहरु मध्ये कृषि उपज खरीद गर्न चाहने सहकारीलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउन सहजीकरण गर्ने ।

ड. न्यायिक समिति सम्बन्धमा :

- पालिकामा न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास गरी न्यायिक निरुपनको कार्यलाई अझै प्रभावकारी बनाईनेछ ।
- मेलमिलाप संयोजकका लागी क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।प्रत्येक वडा स्तरमा वर्तमान कानुनको प्रावधानहरुको सम्बन्धमा कानूनी चेतनामूलक कार्यक्रम सञ्चालन गरीनेछ ।
- मेलमिलाप केन्द्रको भौतिक क्षमताको विकास तथा व्यवस्थित गर्दे लगिनेछ न्यायिक समितिलाई सुव्यवस्थित चुस्त दुरुस्त एवं मेलमिलापको भरपर्दो माध्यम बनाईनछ । मेलमिलाप सम्बन्धी अन्तर पालिका र प्रदेश पारस्परीक अध्ययन भ्रमण गर्दे सिकाई आदान प्रदान गराईनेछ ।
- वडा अध्यक्ष सचिव र मेलमिलाप संयोजनकहरुलाई अभिमुखीकरण गरिनेछ ।मेलमिलाप कर्ताहरुलाई पूनर्ताजगी तालिमका लागी आवश्यक व्यवस्था गरिनेछ ।

ढ. लैगिंक समानता तथा सामाजिक समावेशिकरण नीति :

- जेष्ठ नागरीकको स्वास्थ्य परिक्षण सुविधा प्रदान गर्न प्रत्येक महिनामा एक पटक हरेक वडामा घुम्ति टोली खटाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ, जेष्ठ तथा अपागं नागरीकहरुलाई स्वास्थ्य जाँच गर्न निशुल्क स्वास्थ्यकर्मी सेवा घरघरमा पुर्‍याईनेछ ।
- सम्पत्तिमा दम्पतीको समान अधिकार सुनिश्चितताका लागी एकल र संयुक्त पूजि बनाउँदा सिफारिसमा लाग्ने रकम छुट दिईनेछ ।
- जेष्ठ नागरीकका लागी प्रदान गरिने सामाजिक सुरक्षा भत्ता सहजरुपमा उपलब्ध गराउन सम्बन्धितको बैंक खातामा सिधै उपलब्ध गराइनेछ ।
- अपांग, विपन्न, दलित महिला अल्पसंख्यक बालबालिका लगायत लक्षित वर्गका लागी जीवनस्तर परिवर्तन गर्न उत्पादनमूलक तालिम चेतना अभिवृद्धि तालिम साना तथा घरेलु उद्योग सञ्चालनका लागी बजेटको व्यवस्था गरिनेछ ।
- अपागंमैत्री पालिका घोषणा गर्नका लागी पुरा गर्नुपर्ने सुचकहरु पार गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- उपाध्यक्षसँग एकल महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर बनाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय गैह्र सरकारी संघसंस्थाहरु सँग सहकार्य समन्वय गरि लक्षित वर्ग, गरिबको रेखामुनी रहेका परिवारह, महिला, युवा, वालबालिका, मधेशी, मुस्लिम सिमान्तकृत तथा अल्पसंख्यक समुदायलाई चेतना अभिवृद्धि गर्दे सामुहिक उत्पादन, रोजगार, स्वरोजगार, उत्पादनमुलक तालिम तथा मानव बेच बिखन महिला हिंसा, लागु औषध दुव्यसनीलाई नियन्त्रण गर्न आवश्यक योजना बनाई लागु गरिनेछ ।
- मधेशी तथा मुस्लिम समुदायका महिलाहरुलाई सशक्तिकरण गर्न विशेष कार्यक्रम सञ्चालनका लागी आवश्यक व्यवस्था मिलाईनेछ ।
- किशोर किशोरी मैत्री गरिव तथा लैगिंक मैत्री पिछडिएका जनता मैत्री र वातावरण मैत्री सुशासन व्यवस्था लागु गरिनेछ ।उपाध्यक्षसँग किशोरी हातेमालो कार्यक्रम सञ्चालनलाई निरन्तरता दिदै बजेट विनियोजन गरिनेछ ।
- वाल श्रम र वालविवाह मुक्त गाउँपालिका वनाउन सडक नाटक, सचेतना कार्यक्रम, अभिभावकसँग अन्तरर्क्रिया गरिनेछ ।
- समाजमा पिछडिएका विपन्न महिलाहरुको आय आर्जनमा सुधार ल्याउन मागका आधारमा विभिन्न सिप मूलक तथा आय मूलक कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकाको बजेटलाई लैगिंक उत्तरदायी बजेट बनाईनेछ । जेण्डर अडिटको व्यवस्था गरिनेछ ।

- गाउँपालिका क्षेत्रमा हुँने घरेलु हिंसा तथा लैगिंक हिंसालाई निरुत्साहित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । लैगिंक हिंसा विरुद्धको १६ दिने अभियान प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- निजामति सेवामा महिलाहरुको पहुँच बढाउन लोकसेवा तयारी कक्षाहरु सञ्चालनमा ल्याईनेछ ।उपाध्यक्ष सँग आमा बचाउ छोरी हुर्काउ कार्यक्रम अन्तर्गत लैगिक विभेद अन्त्य गर्न छोरी जन्माउने आमालाई प्रोत्साहन स्वरुप घोषणा भत्ता कार्यक्रमका लागी बजेट विनियोजन गरिनेछ ।
- व्याप्त घरेलु हिंसा, वालविवाह, मानव बेच बिखन, दाईजो प्रथा, बहु विवाह लैगिंक हिंसा जस्ता प्रथाको न्यूनिकरणको लागी बहसपैरवी तथा चेतनामुलक कार्यक्रमहरु तर्जुमा गर्नुका साथै महिला हिंसा पिडितको राहत, उद्धार, निशुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श र सिपमूलक कार्यक्रमको लागी आपतकालीन कोष स्थापना गरिनेछ ।
- सडक वालवालिका अनाथ असहाय, अशक्त, अपागंता भएका र विशेष संरक्षणको आवश्यकता भएका वालवालिकाहरुको लागि खान पान, स्वास्थ्य, तथा सुरक्षाको लागी उपयुक्त मापदण्ड बनाई त्यसको सेवालाई सहज र प्रभावकारी बनाईनेछ ।
- वाल मैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार तथा वाल अधिकार सुचकहरु पुरा गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन, वालमैत्रीवडा, वालमैत्री पालिका घोषणा गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- जेष्ठ नागरीकको सामाजिक तथा आर्थिक हक अधिकार संरक्षणको लागी जेष्ठ नागरीक संरक्षण नीति तर्जुमा गरी उहाँहरुलाई सम्मान, आदर र सहजताको लागि विभिन्न सेवा र सुविधामा विशेष छुट र सहुलियतको व्यवस्था गरिनेछ । पालिका स्तरीय महिला र दलित समिति गठन गरिनेछ ।

ण. सामाजिक सुरक्षा, गरिवी निवारण तथा रोजगार :

- विभिन्न मन्त्रालयबाट सञ्चालन हुँने व्यवसायिक तालिम एवं गरिवी निवारण सम्बन्धी कार्यक्रमलाई लागु गर्न आवश्यक समन्वय गरी लागु गरिनेछ । बैदेशिक रोजगारमा जानु पूर्व निम्न वर्गका युवायुवतीहरुलाई सिपमूलक तालिम निशुल्क सिकाउने व्यवस्था गरिनेछ ।
- श्रम सहकारी मार्फत विभिन्न सिपमूलक तालिम प्रदान गर्नुका साथै श्रमिकहरुलाई मागका आधारमा विभिन्न परियोजना निर्माण कार्यमा खटाउन संघिय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।
- न्यून आय भएका श्रमिक र गरीब परिवारको पहिचान गरी खाद्य सुरक्षा परिचय पत्रको व्यवस्था गर्न आवश्यक व्यवस्था गरिनेछ । सो परिचय पत्रका आधारमा सुपथ मुल्यको पसल सञ्चालन गरि सहुलियत दरमा खाद्य सामग्री उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- पालिका भित्रका कुनै पनि नागरीक बैदेशिक रोजगारको सिलसिलामा निधन भएमा सोको परिवारलाई विशेष आर्थिक सहयोगको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- गरिव परिवारको एकिकृत सुचनाको लागी गरिब परिवारका सुचना प्रणाली निर्माण गरी पालिकाले गरिव परिचय पत्र वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ । संघिय सरकारको निरपेक्ष गरिवीको रेखामूनि रहेका दलित समुदायका श्रम योग्य जनशक्तिलाई सिपमूलक तालिम दिई स्वरोजगार बनाउन परम्परागत पेशा ज्ञान र सिपमा आधारित व्यवसायका अतिरिक्त अन्य व्यवसाय सञ्चालनका लागि प्रोत्साहन गर्ने कार्यक्रममा थप सेवा सुविधा प्रदान गर्ने गरी बजेट विनियोजन गरिनेछ ।
- भूमिहिन दलित सुकुम्बासी र अल्पसंख्यक समूदाय, सडक वालवालिका वेसहारा टुहुरा अति विपन्न,द्वन्द्व प्रभावित वालवालिकाहरुलाई आवसिय विद्यालयमा राखी कक्षा १२ सम्म निशुल्क शिक्षा दिईनेछ ।
- समाजमा रहेका वालश्रम, जातिय विभेद, वालविवाह जस्ता बिषयमा स्थानीय सरकार र टोल विकास संस्थाहरुबाट सचेतनामूलक कार्यक्रम गरिनेछ ।
- प्रत्येक युवाहरुको चाहना अनुरुप आवधिक बार्षिक सिपमूलक तालिमको व्यवस्था गरी त्यस्ता युवाहरुले व्यवसाय गर्न चाहेमा स्थानीय वित्तिय संस्थाहरुबाट ऋणको व्यवस्था गरिनेछ, त्यस्तो ऋणको व्यवस्था गरी सो

बिमा पालिकाबाट गरिनेछ । **एक वडा, एक तालिम केन्द्र** संचालन गरि बाह्रै महिना विभिन्न सिपमूलक तालिम प्रदान गरिने व्यवस्था मिलाईनेछ ।

- लघु उद्यम विकास मोडलमा गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिईदै लगिनेछ

त. भुमिनीति तथा भूमिहिनको व्यवस्थापनका सम्बन्धमा :

- ऐलानी जग्गा बसोबास गरि रहेकालाई जग्गा धनी प्रमाण पूर्जा (लालपूर्जा) उपलब्ध गराउन कार्यको थालनी गरिनेछ ।जमिनलाई भू-उपयोग ऐन १०७६ र भू उपयोग नियमावली २०७९ का आधारमा वर्गिकरण गरि सोको आधारमा खेतियोग्य क्षेत्र, बसोबास, क्षेत्र, सहरी क्षेत्र, औद्योगिक क्षेत्र र वृक्षारोपण क्षेत्र आदिमा वर्गीकरण गरिनेछ ।
- नमुना बस्ती विकास आयोजना बनाई विपन्न र गरिव परिवारको परिचय पत्रको आधारमा त्यस्ता घरपरिवारलाई दुई कोठा एक भान्सा र शौचालय समेत रहेको एक पक्कि घर निर्माण गरी आगामी पाँच बर्ष भित्र लागत रकमको आधा मुल्यमा घर उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरिनेछ ।
- पालिका भित्र रहेका सबै भूमिहिन सुकुम्बासीलाई सरकारले तोके अनुसार आवासका लागी जग्गाको व्यवस्थापन गरिनेछ ।
- भूमि सम्बन्धी समस्याका सम्बन्धमा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी, अव्यवस्थीत बसाबासी, बहाल विटौरी, पुराना आयोगका अधुरा कार्यहरुका सन्दर्भमा जग्गा धनी प्रमाण पुर्जा वितरण गर्न गाउँपालिकाले भूमि सम्बन्धी समस्या समाधान आयोगसँग आवश्यक समन्वय गरि भूमि सम्बन्धी सम्पूर्ण समस्या समाधानका लागी आवश्यक कार्य अगाडि बढाईनेछ । सो सन्दर्भमा आवश्यक परेको खण्डमा ऐन तथा कार्यविधि बनाई व्यवस्थीत गरिनेछ ।
- यस गाउँपालिकाका क्षेत्र भित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने नीतिलाई गाउँपालिका भित्र भएको सरकारी, ऐलानी जग्गाको खोजी तथा पहिचान गरी पालिका सरकारको मातहतमा ल्याउने ।

थ. गैह्र सरकारी संस्था :

- दातृ निकाय एवं गैह्र सरकारी संस्थाहरुलाई खजुरा गाउँपालिकाको विकास निर्माणमा सहभागिताको लागी अनुरोध गर्दे स्वस्थ सहकार्यको वातावरण सृजना गरिनेछ ।
- खजुरा गाउँपालिका भित्र संचालित विभिन्न सामाजिक अभियानलाई निरन्तरता दिन साझेदार संस्थाहरुसँग अनुरोध गरी अभियानलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ ।
- यस क्षेत्र भित्रका गर्न चाहने विभिन्न सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुलाई काममा दोहोरोपन नआउने गरी स्वीकृत दिइनेछ ।
- गै.स.स.हरुलाई जनहितमा कार्यक्रमहरु सञ्चालन गर्न अनुमति दिई सहकार्य समेत गरिनेछ । सभा सकिय पछि पनि अनुमति लिन आउने सामाजिक संस्थाहरुलाई गाउँपालिकाको अध्यक्षबाट औचित्य हेरी अनुमति दिन सक्ने गरी व्यवस्था मिलाईनेछ ।
- गैह्र सरकारी संस्थाको दर्ता नविकरण तथा सुचिकृत, विघटन र खारेजी तथा नियमन कार्यलाई व्यवस्थित गरिनेछ । सहकारी सामुदायिक र गैह्र सरकारी संस्थाहरुबाट प्रस्तावित बजेट तथा कार्यक्रम गाउँसभाले अनुमोदन गरे मात्र कार्यक्रम सञ्चालन गर्न दिने नीति लिईनेछ ।
- पालिकामा कार्य गर्न चाहने राष्ट्रिय अन्तराष्ट्रिय गैह्र सरकारी संघ संस्थाहरुले कुन क्षेत्रमा कति समय सम्म के के कार्य गर्ने हो उस्को कार्ययोजना अनुसार कार्य गर्न प्रोत्साहन गर्न आवश्यक समन्वय गरिनेछ । त्यस्ता संस्थाहरुले कामको प्रकृति अनुसार नियमित रुपमा प्रगति प्रतिवेदन बुझाउने व्यवस्था गरिनेछ ।

द. समन्वय तथा सहकार्य :

- गाउँपालिका भित्र रहेका सम्पूर्ण सरोकारवालाहरु सँग को समन्वयमा गाउँपालिकाका कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- विपद् व्यवस्थापन र सामाजिक आर्थिक रुपान्तरणका लागि राष्ट्रिय तथा अन्राष्टिय, विभिन्न पालिकासँग भगिनी सम्बन्ध स्थापना लागी पहल गरिनेछ ।
- स्थानीय सवालहरुमा एक रुपता कायम गर्न अन्तरपालिका सरोकारवाला कार्यालय अन्तर जिल्ला, अन्तर प्रदेश बिच छलफल बैठक राखिनेछ ।
- विपद् व्यवस्थापन अग्नी नियन्त्रण फोहर व्यवस्थापनका सम्बन्धमा छिमेकी पालिकाहरुसँग अन्तरपालिका बैठक राखी समन्वय सहकार्यलाई अगाडि बढाईनेछ ।
- खजुरा गा.पा.भित्र उठेको फोहोरलाई मोहरमा बदल्नको लागी ल्यान्डफिड साइडको व्यवस्था गरी निजि वा साझेदारी सँग समन्वय गरी फाहोर व्यवस्थापन गरिनेछ ।
- तिनै तहका सरकारको समन्वयमा सरसफाई स्वच्छता कार्यक्रमलाई राष्ट्रिय अभियानको रुपमा सञ्चालन गरिनेछ । नदि नाला तथा पानीको स्रोतलाई प्रदुषण मुक्त राख्न फाहोर पानी प्रसोधन प्रणालीको विकास र विस्तार गर्ने

४.गत वर्षको मुख्य-मुख्य उपलब्धिहरू : खजुरा गाउँपालिकाले आ.व.२०७९/०८० मा क्षेत्रगत रुपमा देहाय बमोजिमको मुख्य-मुख्य काम तथा उपलब्धि हासिल गरेको थियो ।

१.कृषि तथा पशुपंक्षी :

यस चालु आ.व.मा कृषि विकास तर्फ माटो परिक्षण प्रयोगशाला स्थापना भएको थियो । यसैगरी सिंचाई तथा जलश्रोत कार्यक्रम अर्न्तगत ३३० जना कृषक लाभान्वित भएका थिए भने अनुदानका कार्यक्रम अर्न्तगत लागत साझेदारीबाट २०० जना कृषक लाभान्वित भएका थिए । साथै २२५ जना कृषकलाई तालिम दिइएको थियो भने गाउँपालिकाको कृषकहरुको तथ्यांक संकलन गरि किसानहरुको सुचिकरण गरिएको थियो । साथै पशुस्वास्थ्यका लागि विभिन्न ७ प्रकारका औषधीहरु वितरण गरिएको, कार्यालय भित्र गाईभैंसीलाई निशूल्क कृत्रिम गर्भाधान सेवा प्रवाह, २५६५ गोटा बोका तथा १४५ बहर गरि जम्मा १७६६ गोटा पशुलाई बन्ध्याकरण सेवा, तथा ५४ गोटा गाई र ४४ गोटा भैंसीलाई पाठेघर सफाई गरी गाइनोकोलोजिकल सेवा प्रदान गरिएको थियो ।

२. सहकारी वित्तीय संस्था तथा गै.स.स. :

यस आ.व.मा सहकारी शाखाको स्थापना भएको छ । सुचीकृत हुन आउने सहकारी संख्या ६५, वित्तीय संस्था १३, बिमा २ ,सामुदायिक वन ५ रहेका छन् । सहकारी संजाल गठन भई समन्वय बैठक २ पटक बसिसकेको छ ।

३. भूमि व्यवस्थापन :

यस गाउँपालिकामा ९५०० परिवार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थीत बसोबासीको लगत संकलन गर्नुका साथै वडा नम्बर ५ को करिब ९५५ घर परिवार करिब १५०० कित्ताको नाप जाचँ कार्य सम्पन्न भएको छ । यसैगरी ९५५ घरपरिवारलाई लालपुर्जा वितरण गर्ने तयारीमा पालिका रहेको छ ।

४. उद्यम विकास :

संघीय सरकारको उद्यमशीलता प्रबर्द्धन सम्बन्धी परियोजनाबाट नयाँ उद्यमी सृजना कार्यक्रमबाट १०४ जना बेरोजगार तथा गृहणी महिलालाई लघुउद्यमी समुहमा आवद्ध गरिएको, उनीहरुलाई उद्यमशिलता तथा क्षमता अभिवृद्धि तालिम दिइएको तथा व्यवसायिक योजना निर्माणमा सहजीकरण गरिएको थियो ।

५. शिक्षा :

आ.व. २०७९/८० मा खजुरा गाउँपालिकामा ७ वटा विद्यालय भवन निर्माण तथा ५ वटा विद्यालय भवन मर्मत गरिएका थिए । भौतिक प्रगति १०० प्रतिशत तथा वित्तिय प्रगति ८७ प्रतिशत भएको यस पालिकामा बाल विकासमा ६६ वटा दरबन्दी, प्राथमिक तहमा ११३ (४३ राहत सहित), निमावि तहमा ३३ (९ राहत सहित), र माध्यमिक तहमा २९ (७ राहत गरी) तथा कक्षा ११ र १२ गरी जम्मम १२ (६ राहत सहित) शिक्षकहरु कार्यरत थिए । जम्मा ३२०२ जना सामुदायिक विद्यालयका छात्राहरुलाई सेनिटरी प्याड वितरण गरिएको थियो भने १५४१७ जनालाई लागत सिकाई सामग्री अनुदान, २५० जना शिक्षकलाई क्ष्ऋत तालिम

प्रदान गरिएको थियो । नमुना युवा संसद अभ्यास कार्यक्रम सञ्चालन गरिएको छ । विभिन्न विद्यालयमा १९० वटा ल्यापटप वितरण, १६ वटा माध्यमिक विद्यालयमा पुस्तकालय र विज्ञान प्रयोगशाला र ज्ञानोदय माविमा पढ्दै सिक्दै र कमाउदै कार्यक्रम सञ्चालनमा रहेको थियो ।

६. स्वास्थ्य :

यस आ.व.मा ओपिडि ८० जना विपन्न घरपरिवारको निशूल्क स्वास्थ्य विमा, १०८ जना महिला स्वास्थ्य स्वयम् सेविकाको निशूल्क विमा, सुत्केरी तथा विपन्न नागरिक गरी ४४ जनालाई निशूल्क एम्बुलेन्स सेवा, खजुराको विभिन्न २ ठाउमा सञ्चालन गरिएको स्त्रीरोग सम्बन्धी विशेषज्ञ स्वास्थ्य शिविरबाट ३७० जना महिलाले सेवा लिएका, विभिन्न ३ स्थानमा सञ्चालन गरिएको पाठेघर क्यान्सर तथा अंग खस्ने समस्या सम्बन्धी विशेषज्ञ स्वास्थ्य शिविर बाट १८० जना महिलाले सेवा लिएका, विभिन्न ६ स्थानबाट १८५ जना महिलाले सुरक्षित रुपमा निशूल्क गर्भपतन सेवा लिएका, सबै वडामा गर्भवति महिलाका लागि निशूल्क क्याल्सियम वितरण, खजुरा स्वास्थ्य केन्द्रमा मासिक रुपमा आँखा शिविर सञ्चालन भएको, वडा नं. १, २ र उढारापुरमा आँखा तथा कान सम्बन्धी निशूल्क शिविरबाट जम्मा ७६४ जनाले सेवा लिएका, ज्येष्ठ तथा असक्त नागरिक संग अध्यक्ष कार्यक्रम अन्तरगत २४०० भन्दा बढीले आफ्नै घरमा स्वास्थ्य परिक्षण तथा औषधी प्राप्त गरेका र ८४० जनाको रगत परिषण गरिएको, नेपाली सेनाको सहयोगमा सोनपूर स्वास्थ्यचौकीमा सञ्चालित वृहत निशूल्क स्वास्थ्य शिविरबाट ६०० जनाले सेवा प्राप्त गरेका र विपन्न तथा दीर्घरोगीका लागि विपन्न नागरिक उपचार खर्चको रुपमा ४२ जनाले जनही ५०००० (अक्षरुपी पचास हजार) प्राप्त गरको थिए । यसैगरी प्रतिवडा एक विद्यालयका विद्यार्थिको स्वास्थ्य परिक्षण गरिएकोमा जम्मा ३६६० बालबालिकाको स्वास्थ्य परिक्षण गरिएको थियो ।

७. महिला बालवालिका जेष्ठ नागरीक तथा समाज कल्याण :

स्थानीय वाल क्लबलाई जीवन उपयोगी सिप तथा आत्मरक्षा सम्बन्धी तालिम ७५जना लाभान्वित, अपागं परिचय पत्र वितरण ११०जना, गाउँपालिका स्तरीय अपागं संजाल गठन र गाउँपालिका स्तरीय द्वन्द्व पीडित संजाल गठन भएको, अपागंता भएका ९ जना व्यक्तिहरुलाई आधारभूत कम्प्युटर तालिम सम्पन्न, महिला अधिकार वालवालिका अपागंता भएका व्यक्ति द्वन्द्व पीडित जेष्ठ नागरीक सम्बन्धी विभिन्न दिवश कार्यक्रम सम्पन्न ।

८. पञ्जीकरण तथा सामाजिक सुरक्षा :

यस आ.व.मा व्यक्तिगत घटना दर्ता वा पञ्जीकरण संख्या रहेको छ । तेस्रो चौमासिक सम्ममा सामाजिक सुरक्षा भत्ता वितरणबाट ६७८८ जना लाभान्वित हुनका साथै रकम रु.१३ करोड २५ लाख वितरण गरिएको छ ।

९. पूर्वाधार विकास, सडक, सिचाई, खानेपानी, भवन तथा तटबन्ध निर्माण :

यस आ.व.मा गाउँपालिका भित्र कालो पत्रे सडक २९२१ मिटर, २११८७ मिटर ग्राभेल सडक, १४०९ मिटर पिसिसि/आरसिसि सडक र नया ट्रयाक ५०८० मिटर निर्माण भएको छ । यसै गरी वडा नं. ८ मा १५५६ मिटर सडक मर्मत कार्य सम्पन्न गरिएको थियो । यसैगरि ३३२९ मिटर पक्की नाला, ५५ मिटर कजवई, १ झोलुङ्गे पूल, १५ वटा मन्दिर/चर्च तथा गुम्वा मर्मत/निर्माण र १ मन्दिर निर्माण, २ इदगाह निर्माण, १ शान्तीकुटी निर्माण, ८७०० मिटर खानेपानी विस्तार, ७ वटा विद्यालय भवन निर्माण, ५ वटा विद्यालय भवन मर्मत, १ सामुदायिक भवन, १ गोदामघर, १ रेडक्रस भवन, २ वटा कृषि संकलन केन्द्र, १ सामुदायिक भवन तथा कोशोलीघर, ५५८ मिटर तटबन्ध लगायतका निर्माण पूर्वाधार विकास तथा भौतिक निर्माणका कार्यहरु भएको थियो ।

१०. सुरक्षित नागरीक आवास :

यस आ.व.मा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत वडा नं. १ देखी वडा नं. ८ सम्म क्रमशः ४५ घरधुरी, ९६ घरधुरी, ३५ घरधुरी, १०४ घरधुरी, ६५ घरधुरी, ८१ घरधुरी, ८९ घरधुरी र ७० घरधुरी गरी जम्मा ४८२ घरधुरी लाभग्राहीहरु छनौट गरी अनुदान सम्झौता गर्न घरधुरी सर्भेक्षण गरिएको थियो । यसैगरी गापा भित्र रहेका विपन्न नागरिकहरुलाई टिनको छाना लगाउने कार्यक्रम अर्न्तगत लाभग्राहीहरुको अनुगमन गरि रकम निकासा गरिएको थियो ।

११. विपद् व्यवस्थापन :

NDRRMA र यस गाउँपालिकाको सहकार्यमा स्थानीय विपद् पोर्टल सचालनमा रहेको छ । विपद् पूर्व कार्य तथा पूर्व तयारीका लागी १ वटा अभ्यास कार्यक्रम सम्पन्न भएका छन् । ४५ जना विपद् पिडितहरुलाई १५ लाख वरावरको राहत वितरण गरिएको छ । कारितास नेपाल बाँकेको सहयोगमा GIS सहितको

Digital घरधुरी, विद्यालय, खुला स्थान, वन जंगल सामुदायिक भवनको सर्वेक्षण कार्य जारी रहेको छ । स्थानीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण तथा अद्यावधिक भई कार्यान्वयनमा रहेको छ ।

१२. उर्जा विकास :

यस आ.व.मा विद्युतिय तार लाईन मिटर विस्तार पोल २२५ वटा खरीद भएको छ । वडा नं. १ मा ३००० मिटर सडक तार पोल विस्तार तथा ४५ वटा विद्युत पोल, वडा नं. २ मा २ वटा हाइमाष्ट लाइट, वडा नं. ३ मा ३००० मिटर सडकवत्तिको लागि तार र १ वटा हाइमाष्ट लाइट, वडा नं ४, ५ र ६ मा १/१ वटा हाइमाष्ट लाइट, वडा नं. ७ मा २२ थान विद्युत पोल र १ थान हाइमाष्टलाइट, तथा वडा नं. ८ मा १५०० मिटर सडकतार पोल विस्तार, १ थान ट्रान्सफर जडान र १ थान हाइमाष्टलाइट आदी जडान गरिएको थियो ।

१३. सुशासन, संस्थागत विकास तथा बैठक व्यवस्थापन :

तालिम तथा अभिमुखीकरण ३, जनशक्ति परिचालन २३६, श्रोत व्यवस्थापन कार्य गाउँपालिका तथा गाउँसभा बैठक संख्या १८ वटा, समिति बैठक संख्या ५, विविध बैठक संख्या २५, न्यायिक समितिका काम कारवाही (२१ बैठक, जिन्सी व्यवस्थापन PAMS लागु भएको । आ.व. २०७९/८० मा दर्ता भएका जम्मा ४४९ विवाद निवेदन मध्ये ३१२ वटा सहमति भएको, २१ असहमति भएको र ११६ वटा चैं प्रक्रिया रहेका थिए ।

१४. सुचना प्रविधि :

आव २०७९/८० देखि कार्यालयका दैनिक गतिविधीहरु सार्वजानिक सूचना प्रवाह गर्ने गरिएको थियो । विद्युतिय शासन स्थापनार्थ आवश्यक वेवसाइट, आधिकारिक सामाजिक सञ्जाल, फेसबुक, ट्वीटर, युट्युव, सरकारी इमेल, डिजिटल सफ्टवयेर प्रणाली, कार्यपालिका कार्यालय, विषयगत शाखा कार्यालय, विद्यालयहरुमा अन्लाइन हाजिरी प्रणाली जडान कार्यान्वयनमा ल्याइएको थियो ।

सामाजिक परीक्षकको नाम : शिवलाल पाण्डे

दस्तखत :

संस्थाको नामः उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke), कोहलपुर

अनुसूची- ७ सामाजिक परिक्षण कार्यक्रमका झलकहरु

अभिमुखिकरण, प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा सार्वजनिक बहस छलफल

१.आयोजनाको नाम : रेडक्रस बाउण्ड्री वाल निर्माण योजना, खजुरा गाउँपालिका वडा नं.४, बाँके सम्झौता रकम रु.४,७५,०००।-

निर्माण समिति अध्यक्ष/सभापति : श्री जिवनाथ सापकोटा

❖ **योजनाको प्रतिफल/प्रभाव वा उपलब्धी :**

- नेपाल रेडक्रस खजुरा उपशाखाको भवनको बाउण्ड्री वाल निर्माण भएको छ ।
- नेपाल रेडक्रस खजुरा उपशाखाको भवनको सुरक्षा भएको छ ।
- सामाजिक सार्वजनिक सेवामा सक्रिय सामाजिक संस्थाको संस्थागत विकासमा टेवा पुगेको ।

योजनाको फोटो

२.आयोजनाको नाम : सिन्दुरी मन्दिर निर्माण योजना, खजुरा गाउँपालिका वडा नं.७,सिदुरे गाउँ, बाँके सम्झौता रकम रु.३,००,०००।-

समितिको नाम : सिन्दुरी मन्दिर निर्माण उपभोक्ता समिति, खजुरा गाउँपालिका वडा नं.७,सिदुरे गाउँ,बाँके
समितिका अध्यक्षको नाम : श्री रामविलास खटिक

❖ **योजनाको प्रतिफल/प्रभाव वा सकारात्मक पक्ष :**

- सिन्दुरी मन्दिरको निर्माण भएको छ ।
- धर्म परम्परा र संस्कृति संरक्षणमा टेवा पुगेको छ ।
- समुदायको तर्फबाट झण्डै ५० प्रतिशत भन्दा बढी जनश्रमदान तथा नगद रकम संकलन गरी मन्दिर निर्माण गरिएको ।

❖ **सुधार गर्नुपर्ने पक्ष :**

- मन्दिर परिसरको कम्पाण्ड वाल, खानेपानी तथा शौचालय निर्माण गरिनु पर्ने ।
- मन्दिर परिसरमा जाने पहुँच मार्ग निर्माण गरिनु पर्ने ।
- मन्दिरको प्रचार प्रसारका लागि मुख्य सडकमा बोर्ड राखिनुपर्ने ।

योजनाको फोटो

३.आयोजनाको नाम : भानु मा.वि.देखि डिप बोरिङ्ग जोड्ने बाटो कालोपत्रे योजना, खजुरा वडा नं.६,उढरापुर गाउँ, बाँके
सम्झौता रकम रु.४८,३३,५२०।४४ भ्याट सहित

निर्माण कम्पनीको नाम : भवानी निर्माण सेवा, सम्पर्क नं. ९८५८०२४६१४

❖ **योजनाको प्रतिफल/प्रभाव वा सकारात्मक पक्ष :**

- उढरापुर गाउँमा ३.७५ मि.को कालोपत्रे बाटो निर्माण भएको छ ।
- मधेशी मुस्लिम समुदायको घना बस्ती रहेको गाउँमा बाटो निर्माण भएको हुँदा सामाजिक रुपमा पछाडी परेको समुदाय र क्षेत्रको समुचित विकासमा टेवा पुगेको ।
- उढरापुर लगायत यस क्षेत्रका स्थानीय बासीन्दालाई खजुरा गाउँपालिकाको केन्द्र खजुरा बजार र जिल्ला सदरमुकाम नेपालगंज सम्म आवत जावतमा दुरी छोटो एवं सहजता भएको छ ।

❖ **सुधार गर्नुपर्ने पक्ष :**

- सडकको दुबै तर्फ नाली सहित साईड प्रोटेक्टशनमा ध्यान दिनुपर्ने ।
- सडकको निर्माण कमजोर भएको हुँदा एक वर्ष नहुँदै धेरै स्थानमा भत्किएको ।

– यस बाटोलाई क्रमागत योजनाको रुपमा राखी बि गाउँ सम्म जोड्न निरन्तरताका दिईनुपर्ने ।
– भारी क्षमताका सवारी तथा ढुवानीका साधनबाट हुनसक्ने सडकको क्षतीलाई न्यूनीकरणमा ध्यान दिईनुपर्ने ।
– सडकको नियमित मर्मत संम्भारको नीतिगत व्यवस्था सहित कोषको व्यवस्था गरी सोही कोषबाट भत्केको सडकहरुको मर्मत संम्भार गरिनुपर्ने ।

योजनाको फोटो

४.आयोजनाको नाम : जनसेवा मा.वि.को अधुरो भवन निर्माण योजना, खजुरा वडा नं.६, पुरैना,गिजरा, बाँके सम्झौता रकम रु.८,८७,९५४।-

विद्यालय व्यवस्थापन समितिका अध्यक्षको नाम : श्री राजेश यादव

❖ **योजनाको प्रतिफल/प्रभाव वा सकारात्मक पक्ष** :

- जनसेवा मा.वि.को दोस्रो तल्ला भवनको निर्माण भएको छ ।
- दीगो शैक्षिक पूर्वाधार निर्माण हुनुका साथै विद्यार्थीलाई पठन पाठनमा सहयोग पुगेको ।
- यस विद्यालयको शैक्षिक गुणस्तरमा टेवा पुगेको ।

योजनाको फोटो



श्री जनसेवा माध्यमिक विद्यालय

स्वजुरा गाउँपालिका-६, पुरैना गिजरा बाँके

शैक्षिक सत्र २०८१ को बिद्यार्थी संख्या विवरण

कक्षा	दलित			जनजाति			अन्य			जम्मा		
	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा
बाल विकास	१९	२०	३९	१२	१४	२६	९	२०	२९	४०	५४	९४
१	२०	४०	६०	८	८	१६	७	१६	२३	३५	६४	९९
२	२०	२२	४२	१०	६	१६	१०	१५	२५	४०	४३	८३
३	१७	१२	२९	७	८	१५	३	१०	१३	२७	३०	५७
४	१७	२४	४१	७	१७	२४	९	१२	२१	३३	५३	८६
५	३०	२९	५९	११	११	२२	८	१७	२५	४९	५७	१०६
६	२२	२८	५०	१२	९	२१	९	११	२०	४३	४८	९१
७	१४	२३	३७	९	५	१४	८	१२	२०	३१	४०	७१
८	२३	२०	४३	१९	६	२५	११	८	१९	५३	३४	८७
९	२२	१५	३७	१६	८	२४	९	६	१५	४७	२९	७६
१०	१९	१४	३३	१३	१३	२६	७	८	१५	३९	३५	७४
११	५	३	८	२	०	२	४	०	४	११	३	१४
१२	२०	८	२८	४	११	१५	१३	२	१५	३७	२१	५८
जम्मा	२४८	२५८	५०६	१३०	११६	२४६	१०७	१३७	२४४	४८५	५११	१०९२
प्रतिशत	दलित		५०.८	जनजाति		२४.७	अन्य		२४.५	जम्मा		१००

५.आयोजनाको नाम : जेठीनाला पुलमा तटबन्धन निर्माण योजना, खजुरा वडा नं.६ गिजरा, बाँके
सम्झौता रकम रु.१३,०८,९८०।-

निर्माण कम्पनीको नाम : विश्वकर्मा निर्माण सेवा, सम्पर्क नं. ९८४८०२७४०२

❖ **योजनाको प्रतिफल/प्रभाव वा सकारात्मक पक्ष :**

- जेठीनालाको कटानबाट बाटो तथा बस्तीको सुरक्षा भएको छ ।
- बाढीबाट हुने खेतीयोग्य जमीनको क्षती तथा मानव बस्तीको जोखिम न्यूनिकरणमा सहयोग पुगेको ।

❖ **सुधार गर्नुपर्ने पक्ष :**

- यस क्षेत्रमा जेठीनालाको कटान तिब्र रुपमा भएको हुँदा यहाँको क्षतीको दिर्घकालिन रुपमा रोकथामका लागि थप तटबन्धन र अन्य जैविक तटबन्धको कार्य गरिनुपर्ने ।

योजनाको फोटो

६.आयोजनाको नाम : व्याडमिन्टन कर्भड हल निर्माण योजना, खजुरा वडा नं.३, बाँके
सम्झौता रकम रु.१०,००,०००।-

अध्यक्षको नाम : श्री लक्ष्मण कार्की, सम्पर्क नं. ९८४८०४४८२७

❖ **योजनाको प्रतिफल/प्रभाव वा सकारात्मक पक्ष :**

- व्याडमिन्टन कोर्ट स्थलमा बनेको कोर्टको भवनको प्लाष्टर, स्टेज, पर्खाल र शौचालय निर्माण भएको छ ।
- व्याडमिण्टन खेलको विकासमा सहयोग पुगेको छ र युवालाई प्रत्यक्ष लाभ पुगेको ।

❖ **सुधार गर्नुपर्ने पक्ष :**

- व्याडमिण्टन कोर्ट/कर्भड हलको निर्माण कार्यको बाँकी रहेको काम समयमै पुरा गरी संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनुपर्ने ।

योजनाको फोटो

Reebok

७.आयोजनाको नाम : खजुरा बहुउद्देशिय सभाहल, खजुरा वडा नं.३, बाँके
सम्झौता रकम रु.४,८६,००,०००।- (भ्याट सहित)

ठेकेदार कम्पनीको नाम : श्री अम्मर क्न्ट्रक्शन प्रा.लि.

❖ **योजनाको प्रतिफल/प्रभाव वा सकारात्मक पक्ष** :

- खजुरा क्षेत्रमा ठुला सभा, समारोह तथा कार्यक्रम संचालन गर्न मिल्ले बहुउद्देशिय सभाहल निर्माण भएको छ ।
- यस खजुराको स्थानीय आर्थिक क्रियाकलाप एवं अर्थतन्त्रलाई चलायमान बनाउन टेवा पुग्ने ।
- स्थानीय रोजगारीको सिर्जना र समग्र खजुरा क्षेत्रको पहिचान बृद्धिमा सहयोग पुग्ने ।
- यस पालिकालाई नगरपालिकाको रुपमा स्तरोन्नती गर्न र शहरीकरणमा सहयोग पुगेको ।

❖ **सुधार गर्नुपर्ने पक्ष** :

- बहुउदेद्दिय सभाहल संचालन कार्यविधि वा निर्देशिका निर्माण गरिनु पर्ने ।
- सभाहलमा चाहिने आवश्यक फर्निचर, साउण्ड सिस्टम, वाईरिङ्ग लगायतका कार्य गरिनु पर्ने ।
- सभाहलको सुरक्षा एवं सरसफाईका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरिनु पर्ने
- सभाहलको सौन्दर्यकरण, पार्किङ्ग, क्यान्टिन, बजैचा लगायतका अन्य कार्य गरी नियमित रुपमा संचालनमा ल्याईनु पर्ने र पालिकाले तथा यसका साझेदार संस्थाहरुले गर्ने सबै कार्यक्रम यहि सभाहलबाट नै संचालन गनुपर्ने ।
- सभाहलको निममित मर्मत सम्भार लगायत अन्य पूर्वाधार निर्माणमा ध्यान दिनुपर्ने ।

योजनाको फोटो

८.आयोजनाको नाम : ४ कोठे स्वास्थ्य चौकी भवन निर्माण, खजुरा वडा नं.१ राधापुर, बाँके सम्झौता रकम रु.१९,७७,०००।- (भ्याट सहित)

ठेकेदार कम्पनीको नाम : श्री हेम कन्ट्रक्शन खजुरा, बाँके सम्पर्क नं. ९८५८०३१०३९

❖ **योजनाको प्रतिफल/प्रभाव वा सकारात्मक पक्ष** :

- ल्याब, विरामी जाँच तथा उपचार कक्ष, स्टोर लगायतको दिगो पूर्वाधार निर्माण भएको ।
- विरामी तथा स्वास्थ्यकर्मीहरुलाई उपचार सेवा लिन दिन सुविधा र सहज भएको छ ।
- क्रमागत योजना भएको हुँदा बाँकी अपुरो काम समेत पुरा हुने ।
- आधारभूत स्वास्थ्य सेवाको गुणस्तर बृद्धि भएको ।

❖ **सुधार गर्नुपर्ने पक्ष** :

- नियमित मर्मतर संम्भार हुनुपर्ने ।
- पार्किङ्ग स्थल निर्माण गरिनुपर्ने ।

योजनाको फोटो

क्षयरोगका मुख्य लक्षणहरू
खजुरा गाउँपालिका
स्वास्थ्य शाखा
खजुरा, बर्दिया

राधापुर स्वास्थ्य चौकी

खजुरा गाउँपालिका
राधापुर स्वास्थ्य चौकी
लुम्बिनी प्रदेश, बर्दिया (नेपाल)

९.आयोजनाको नाम : आर्दश मा.वि.को विद्यालय पर्खाल निर्माण, खजुरा वडा नं.३, बाँके
सम्झौता रकम रु.२०,००,०००।-

विद्यालय व्यवसथापन समिति अध्यक्षको नाम : श्री नेत्र रानाभाट

❖ **योजनाको प्रतिफल/प्रभाव वा सकारात्मक पक्ष** :

- विद्यालय परिसरको बाउण्ड्री वाल निर्माण भएको छ र विद्यालयको जग्गा तथा भवन लगायत सम्पतीको सुरक्षा भएको ।
- विद्यार्थीलाई पठन पाठनमा सहजता भएको छ ।

❖ **सुधार गर्नुपर्ने पक्ष** :

- पर्खाल तथा विद्यालयको नियमित मर्मतर संम्भार हुनुपर्ने ।
- बाँकी रहेको स्थानमा पर्खाल निर्माण गरिनु पर्ने ।

<u>योजनाको फोटो</u>

१०.आयोजनाको नाम : लुम्बिनी प्रदेश प्रहरी गण पर्खाल निर्माण, खजुरा वडा नं.३, बाँके
सम्झौता रकम रु.१०,००,०००।-

उपभोक्ता समिति अध्यक्षको नाम : श्री हेमराज यादव

❖ **योजनाको प्रतिफल/प्रभाव वा सकारात्मक पक्ष** :

- प्रहरी गण परिसरको बाउण्ड्री वाल निर्माण भएको छ र प्रहरी गणको कार्यालय तथा भवन लगायत सम्पतीको सुरक्षा भएको ।
- प्रहरी गणको सुरक्षामा सहयोग पुगेको छ ।

<u>योजनाको फोटो</u>